# स्थानीय विपद तथा जलवायु उत्थानशील योजना

## (Local Disaster and Climate Resilience Plan - LDCRP)

(आ. ब. २०८०/८१- २०८४/८५)




अदानचुलि गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

श्रीनगर, हुम्ला

# स्थानीय विपद तथा जलवायु उत्थानशील योजना

**(आ.ब. २०८०/८१ – २०८४/८५)**

## Local Disaster and Climate Resilience Plan (FY 2080/81-2084/85)

**सर्वाधिकार एवं प्रकाशक :**
अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुम्ला, अदानचुली
कर्णाली प्रदेश, नेपाल
Email: ito.adanchulimun@gmail.com
Web: http://adanchulimun.gov.np
Phone:

**तयार गरिएको बर्षः** २०८० साल

**संयोजन**
कमल बहादुर छत्याल
सामाजिक विकास समिति संयोजक
मेघनाथ शाही
प्रमुख प्रशासकिय अधिकृत
अदानचुली गाँउपालिका

**आर्थिक तथा प्राविधिक सहयोग :**

अदानचुली गाउपालिका

**सहजीकरण :**
राज बहादुर रोकाया / बिनोद कुमार शाही
परामर्शदाता

# अदानचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## श्रीनगर, हुम्ला

मितिः २०८०/०३/९

**शुभकामना**

अदानचुली गाँउपालिका विपद् जोखिमका दृष्टिकोणबाट उच्च संकटासन्न अवस्थामा रहेको छ।हालका दिनहरुमा विपदका घटनाहरुमा तिब्ररुपमा पुनरावृत्ती भैरहको छ। स्थानिय स्तरमा सम्भावित विपद् तथा जलवायु जन्य जोखिम पहिचान गरि सोहि अनुसार अनुकूल पुर्वतयारी गरि सम्भावित विपदका बेलामा हुनसक्ने क्षतिलाई न्युनीकरण गर्नकालागि आवश्यक प्रयास गर्नपर्ने आजको टड्कारो आवश्यकता भै सकेको छ।यसै सन्दर्भमा हामीले अदानचुली गाँउपालिकालाई संमृद्ध तथा विपद उत्थानशिल गाँउपालिका रूपमा विकासको नविनतम एवं फराकिलो मार्गमा हिडाउने जिम्मा पाएका छौं। नेपाल सरकारबाट जारी विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापनलाई स्थानीय तहसम्म विस्तार गरी स्थानीय तहका सबै विकास नीति तथा कार्यक्रममा मूल प्रवाहीकरण गर्नको लागि स्थानीय विपद् जोखिम व्यवस्थापन एवं जलवायु उत्थानशील योजना आवश्यक हुन्छ। दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको लक्ष्य हासिल गर्न विपद् जोखिम व्यवस्थापनतथा जलवायु परिवर्तनका मुद्दाहरुलाई मुलप्रवाहीकरण गर्नु अत्यावश्यक रहेको छ।

तसर्थ विपद उच्च जोखिममा रहेको यस गाँउपालिका दिगो बिकासमा टेवा पुगाउनका लागि स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना तयार गरि कार्यान्वयन गर्नपर्ने आवश्यकता छ। साथै वास्तविक रुपमा विपद् पुर्वतयारी तथा व्यवस्थापन गर्ने विषयमा ज्ञान, सिप र क्षमतामा विकास गर्नुपर्ने आवश्यकता छ। विपद् पछिको कार्यमा मात्र केन्द्रित हुनु मात्र नभई विपद् व्यवस्थापनका तिनवटा चरणहरुलाई केन्द्रित गरि गर्नुपर्ने क्रियाकलापहरुलाई अगाडी बढाउनु पर्ने नितान्त आवश्यक रहेको हुँदा सोहि अनुरुप यो स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना तयार गरिएको छ। यस योजना तयारीका क्रममा आवश्यक सहयोग, सल्लाह तथा नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने यस गाँउपालिका उपाध्यक्ष, ६ वटै वडाका अध्यक्षहरु, लगायत सम्पुर्ण गाँउकार्यपालिका सदस्यहरु, वडा सदस्यहरु लगायत यस अदानचुली गाँउपालिकाका प्रमुख प्रशाकिय अधिकृत, विपद व्यवस्थापन शाखा प्रमुख, योजना शाखा प्रमुख लगायत सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यो योजना तयारीकालागि संयोजन गर्ने अदानचुली गाउपालिका का सामाजिक विकास समिति संयोजक एवं वडा नं ५ क अध्यक्ष कमल बहादुर छत्याल/ प्रमुख प्रशासकिय अधिकृत मेघनाथ शाही र आफ्नो विज्ञता प्रदान गर्ने सहजकर्ता अदानचुली -५ निवासी राजबहादुर रोकाया र बिनोद कुमार शाही सर्केगाड-५ हुम्लालाई समेत आभार प्रकट गर्दछु। यस गाँउपालिकाको स्थानिय विपद तथा जलवायु उत्थानशिल योजना तयारीका क्रममा आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईदिने सम्पुर्ण कार्यपालिका सदस्यहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। साथै योजनाको प्रभाकारी कार्यन्वयनमा समेत हातेमालो गरिदिन हुन सम्पूर्ण सरोकारवाला निकाय एवं साझेदार संस्थाहरुप्रति हार्दिक अनुरोध गर्दछु।

मोहन बिक्रम सिंह
अध्यक्ष
अदानचुली गाँउपालिका

# अदानचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## श्रीनगर, हुम्ला

मितिः २०८०/०३/९

## शुभकामना

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो। जलवायुजन्य परिवर्तनका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल अति संवेदनशील छ। यस किसिमका विपद तथा जलवायुजन्य परिवर्तनबाट सृजित समस्याहरुबाट हुम्ला जिल्ला पनि अछुतो छैन। यस अदानचुली गाँउपालिका भुकम्प, पहिरो, आगलागी, महामारी, हावाहुरी, हिमपात, खडेरी, बाढी, रोग किराको प्रकोप, असिनापानी जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ। यस किसिमका प्रकोपबाट यस पालिकामा बिगतमा ठुलो धनजन, पशुवस्तुका साथै खेतीपाती नष्ट भएको तथ्यांक हाम्रो सामु चुनौतिको रुपमा रहेको छ।

तसर्थ यी समस्याहरुको यथोचित सम्बोधन गर्न नेपाल सरकारबाट जारी भएका "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिमन्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीयविपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनर्स्थापना र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिदैं सोहि अनुरुप यस गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना सहभागितामुलक र समावेशी रुपमा तर्जुमा गरि सबै तहमा मुलप्रवाहीकरण गर्दै गाउँपालिकालई विपद प्रतिरोधी र जलवायु उत्थानशील मैत्री बनाउने मुख्य सोच रहेको छ।

यो योजनाको तर्जुमा तथा कार्यान्वयनले गाउँपालिकालाई विपदबाट उत्थानशील समाजको रुपमा स्थापित गर्ने लक्ष्यमा सहायकसिद्ध हुनेछ भन्ने बिश्वास लिएको छु। यस कार्यकालागि संघ, प्रदेश तथा सम्पूर्ण साझेदार निकाय, पालिकभित्रका सरोकार निकाय एवं समुदायहरुलाई समन्वय र सहकार्यकालागि हार्दिक अनुरोध गर्न चाहन्छु।

अन्त्यमा, यस अदानचुली गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजनाको दस्तावेज निर्माणमा सहयोग सम्पुर्ण सहयोगी हातहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु। साथै यो स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको प्रभावकारी एवं नतिजामुखी कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

कर्ण रोकाया
उपाध्यक्ष
अदानचुली गाँउपालिका

# अदानचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## श्रीनगर, हुम्ला

मितिः २०८०/०३/९

## शुभकामना

विपद तथा जलवायु जन्य जोखिमबाट सृजित समस्याहरुलाई समबोधन गर्न स्थानीय विपद् तथा जलवायु उत्थानसिल योजना तर्जुमा निर्देशिका—२०७४, राष्ट्रिय विपद् प्रतिकार्य ढाँचा २०७५, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली २०७६, अनुरुप निर्माण भएको यो स्थानीय विपद तथा जलवायु उत्थानशील योजना गाउँपालिका र स्थानीय समुदायको साझा सम्पति हो। यो योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन मार्फत यस योजनाले गाउँपालिकालाई विपद प्रतिरोधी एवं जलवायु उत्थानशील मैत्री बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ। अदानचुली गाँउपालिका बिपद् तथा जलबायु उत्थानशिल योजनामा उल्लेखित सबै कार्यक्रमहरुलाई गाउँपालिकाको एकीकृत बार्षिक योजनमा समेत मुलाप्रवाहिकरण गर्दै सोहि अनुरुप कार्यान्वयन गर्न सम्पूर्ण मातहत शाखा एवं सरोकारवालाहरुमा अनुरोध गर्दछु।

अन्तमा, यो स्थानीय विपद् तथा जलवायु उत्थानील योजना तर्जुमा प्रक्रियामा सूचना संकलन तथा अन्य विविध सहयोग गर्नुहुने स्थानीय विपद् तथा जोखिम उत्थानशील समितिका सदस्यहरू, यस कार्यकालागि प्राथमिकता दिनुहुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष वडा अध्यक्ष र जनप्रतिनिधिज्यूहरू र यस कार्यलाई महत्व दिई आर्थिक तथा प्राविधिक रूपमा सहयोग गर्ने युनिसेफ नेपाल नेपालगञ्जलाई समेत हार्दिक आभार प्रकट गर्दै निर्दिष्ट गरिएका नीति, रणनीति एवं कार्यनीति र योजना अनुसारको यो स्थानीय विपद् तथा जलवायु उत्थानशीन योजना कार्यान्वयन प्रक्रियामा प्रभावकारी रूपमा कार्यन्वयन गर्न प्रतिबद्ध छु। साथै यस अदानचुली गाँउपालिकाका स्थानीय समुदाय, जनप्रतिनिधिज्यूहरू तथा अन्य साझेदार सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुलाई यो योजनाको सफल कार्यान्वयनमा सहयोग र समन्वयका लागि सबैसंग अनुरोध गर्दै स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

मेघनाथ शाही
प्रमुख प्रशासकिय अधिकृत
अदानचुली गाँउपालिका

# बिषय सुची


| | |
|---|---|
| *शुभकामना* | २ |
| *बिषय सुची* | ५ |
| *विपद् तथा जलवायु सम्बन्धी केहि शब्दावलीहरु* | ९ |
| *विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनमा प्रयोग हुने केही नेपाली र अंग्रेजी शब्दावली* | १० |
| *कार्यकारी सारांश* | ११ |
| खण्ड १: प्रारम्भिक परिचय | १३ |
| १.१. पृष्ठभुमी | १३ |
| १.२. स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको उद्देश्य | १३ |
| १.३. योजनाको आवश्यकता तथा महत्व | १४ |
| १.४. योजनाका सीमा | १५ |
| १.५. योजना निर्माण प्रक्रिया विधि | १६ |
| १.७. योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन | १९ |
| १.८. अदानचुली गाँउपालिकाको संक्षिप्त परिचय | १९ |
| १.८.१. भौगोलिक अवस्थिति | १९ |
| १.८.२. ऐतिहासिक चिनारी | १९ |
| १.८.३. राजनीतिक अवस्थिति | २० |
| १.८.४. चाडपर्व, धर्म तथा संस्कृति | २१ |
| १.८.५.भेषभुषा | २१ |
| १.८.६. प्राकृतिक सम्पदाहरु | २२ |
| १.८.७. हावापानी, मौसम | २४ |
| १.८.८. जनसांख्यिक अवस्थिति | २५ |
| १.८.९. उमेर तथा लिङ्गका आधारमा जनसंख्या | २६ |
| १.८.१०. अपांगताको प्रकार अनुसार जनसंख्या | २७ |
| खण्ड २: प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण | २९ |
| २.१. प्रकोप जोखिम विश्लेषण | २९ |
| २.१.१. भूकम्पिय जोखिम विश्लेषण | ३१ |
| २.१.२. पहिरो जोखिम विश्लेषण | ३२ |
| २.१.३. बाढी जोखिम विश्लेषण | ३२ |
| २.१.४. खडेरी जोखिम विश्लेषण | ३२ |
| २.१.५. रोग किरा प्रकोप जोखिम विश्लेषण | ३२ |
| २.१.६. आगलागी जोखिम विश्लेषण | ३३ |
| २.१.७. हिमपात जोखिम विश्लेषण | ३३ |
| २.१.८. असिना जोखिम विश्लेषण | ३३ |
| २.१.९. हिमपहिरो जोखिम विश्लेषण | ३४ |
| २.१.१०. हावाहुरी जोखिम विश्लेषण | ३४ |
| २.१.११. महामारी जोखिम विश्लेषण | ३४ |

२.२. प्रकोपको पहिचान तथा स्तरीकरण ४२
२.३. वडाहरुको संकटासन्न अवस्था स्तरीकरण ४३
२.४. प्रकोप नक्सांकन ४४
२.५. विपदको ऐतिहासिक समयरेखा ४५
२.६. प्रकोप, मौसमी र बाली पात्रो विश्लेषण ५६
२.६.१. प्रकोप पात्रो ५६
२.६.२. मौसमी पात्रो ५७
२.६.३. बाली पात्रो ६०
२.७. सामाजिक संकटासन्नता विश्लेषण ६१
२.८. परम्परागत ज्ञान र सीप विश्लेषण ६२
२.९. जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण ६३
२.१०. पालिकामा रहेका स्रोत तथा क्षमताको विश्लेषण ७३
२.१०.१. सरोकारवाला व्यक्ति तथा संघसंस्थाहरूको विवरण ७३
२.१०.२. श्रोतको क्षमता विश्लेषण ७८
**खण्ड ३: दिर्घकालिन सोच तथा नीति** **८५**
३.१. दिर्घकालिन सोंच ८५
३.२. परिदृश्य ८५
३.३. लक्ष्य ८५
३.४. उद्देश्य ८५
३.५. नीति ८६
३.६. रणनीति ८६
३.७. कार्यान्वयन कार्यनीति ८७
**खण्ड–४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना** **८८**
४.१. विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु ८८
४.१.१. नीतिगत व्यवस्था तथा निर्णयः ८८
४.१.२. जनचेतना तथा क्षमता अभिवृद्धि ९०
४.१.३. जोखिम न्यूनीकरण ९६
४.१.४. आपत्कालीन पूर्वतयारी १०४
४.२. विपद्को प्रतिकार्य योजना १०९
४.२.१. विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू (घटना घटेको दिन देखि ३ महिना सम्म) १०९
४.२.१. विपद् पश्चात्का पुर्नलाभ अन्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू (विपद प्रतिकार्यका कार्यहरु सकिएपछि ३ महिना देखि २ वर्ष सम्म) १११
४.३. मुख्य क्रियाकलापहरुको आर्थिक बर्ष अनुसारको योजना विवरण ११३
**खण्ड ५: लागत अनुमान तथा श्रोत व्यवस्थापन** **१३६**
५.१. अनुमानित लागत १३६
५.२. श्रोत व्यहोर्ने सम्भावित निकायहरुको नक्शांकन १३७
**खण्ड ६: योजनाको कार्यान्वयन** **१३८**
५.१ योजना कार्यान्वयन रणनीति १३८

**खण्ड ७ : योजनाको अनुगमन, मूल्याङ्कन तथा अद्यावधिक** १४०
७.१ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन १४०
७.२ योजनाको अद्यावधिक १४१
**अनुसुचिहरु** १४२
अनुसूची-१: स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिमा विद्यमान पदाधिकारीहरूको विवरण १४२
औसुची २: योजना तर्जुमा उप समिति १४२
अनुसूची ३: विभिन्न कार्यदलहरुको नाम १४३
१. खोज तथा उद्धार कार्यदल १४३
२. सूचना तथा पुसचेताना कार्यदल १४३
३. प्राथमिक उपचार कार्यदल १४३
४. क्षति तथा आवश्यकता /क्षमता विश्लेषण कार्यदल १४४
५. लैंगिक समानता तथा समावेशीकरण कार्यदल १४४
अनुसूची ४: गोष्ठी तथा बैठकका बैठक प्रतिलिप १४५

**तालिकाहरुको सुची**

तालिका नं. १ : अदानचुली गाउँपालिकखारुको वडा अनुसार क्षेत्रफल २०
तालिका नं. २: गाउँपालिकाको प्राकृतिक सम्पदा र भू उपयोग स्थिति २२
तालिका नं. ३: गाउँपालिका भित्र रहेका मुख्य प्राकृतिक सम्पदाहरु २२
तालिका नं. ४: गाउँपालिकाका प्रमुख नदीनाला तथा खोलाहरुको जलाधार क्षेत्र र वहाव क्षमता २३
तालिका नं. ५ : मुख्य खोला, ताल र सिमसार क्षेत्र र लाभान्वित वडाहरु २३
तालिका नं. ६ : अदानचुली गाउँपालिकाका मुख्य ताल तलैयाहरु २४
तालिका नं. ७: वडा अनुसार अदानचुली गाउँपालिकाको जनसंख्या २६
तालिका नं. ८: अदानचुली गाउँपालिकाको उमेर र लिंग अनुसार जनसंख्या २७
तालिका नं. ९: अपांगताको प्रकार अनुसार जनसंख्या प्रतिशत २८
तालिका नं. १०: अदानचुली गाउँपालिकाको प्रकोप जोखिम विश्लेषण २९
तालिका नं. ११: प्राथमिकीकरण गरिएका प्रकोपहरुबाट हुन सक्ने सम्भावित जोखिमको नक्शांकन / विश्लेषण ३५
तालिका नं. १२: अदानचुली गाउँपालिकाको प्रकोप स्तरीकरण ४२
तालिका नं. १३ : अदानचुली गाउँपालिकाको वडा अनुसार प्रकोप स्तरीकरण ४३
तालिका नं. १४ : प्रकोप तथा जोखिमको आधारमा वडा स्तरीकरण ४३
तालिका नं. १५ : वडा अनुसार प्रकोप जोखिम तथा संकटासन्नता स्तरीकरण र कारण ४४
तालिका नं. १६ : अदानचुली गाउँपालिकाको विपदको ऐतिहाँसिक समय रेखा ४५
तालिका नं. १७: अदानचुली गाउँपालिकाको प्रकोप पात्रो ५७
तालिका नं. 18: अदानचुली गाउँपालिकाको मौसमी पात्रो ५८
तालिका:नं. १९: अदानचुली गाउँपालिकाको परिवर्तित बाली तथा वनस्पती पात्रो ६०
तालिका नं. २०: अदानचुली गाउँपालिकाको संवेदनशील एवम् जोखिममा रहेको समूह वडागत जनसङ्ख्या ६२
तालिका नं. २१: जोखिम न्यूनीकरणकालागि गरिएका स्थानिय प्रयासहरु ६२

तालिका नं. २२: अदानचुली गाउँपालिकाको प्रकोपको अवस्था तथा अनूकुलनका प्रयासहरुको विश्लेषण ६४
तालिका नं. २३: अदानचुली गाउँपालिकामा रहेका सरोकारवाला संघसंस्था र कार्य भूमिका ७४
तालिका नं. २४: अदानचुली गाउँपालिकामा रहेका भौतिक श्रोतको अवस्था विश्लेषण ७८
तालिका नं. २५: अदानचुली गाउँपालिकामा रहेका प्राकृतिक श्रोतको अवस्था विश्लेषण ८०
तालिका नं. २६: अदानचुली गाउँपालिकामा रहेका सामाजिक श्रोतको अवस्था विश्लेषण ८२
तालिका नं. २७: अदानचुली गाउँपालिकामा रहेका आर्थिक श्रोतको अवस्था विश्लेषण ८३
तालिका नं. २८: अदानचुली गाउँपालिकामा रहेका मानवीय श्रोतको अवस्था विश्लेषण ८३
तालिका नं. २९: अदानचुली गाउँपालिकाको नीतिगत व्यवस्था र निर्णय सम्बन्धि योजना ८८
तालिका नं. ३०: अदानचुली गाउँपालिकाको जनचेतना र क्षमता अभिवृद्धि योजना ९०
तालिका नं. ३१: अदानचुली गाउँपालिकाको जोखिम न्यूनीकरण सम्बन्धि योजना ९६
तालिका नं. ३२: अदानचुली गाउँपालिकाको आपतकालीन पुर्व तयारी सम्बन्धि योजना १०५
तालिका नं. ३३ : अदानचुली गाउँपालिकाको विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू (घटना घटेको दिन देखि ३ महिना सम्म) १०९
तालिका नं. ३४: विपद् पश्चात्का पुर्नलाभ अन्तरगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू ११२
तालिका नं. ३५ : नीतिगत क्रियाकलाप सम्बन्धि योजना ११३
तालिका नं. ३६ : गाउँपालिकाको जनचेतना र क्षमता अभिवृद्धि योजना ११५
तालिका नं. ३७ : गाउँपालिकाको विपद जोखिम न्यूनीकरण योजना १२२
तालिका नं. ३८ : गाउँपालिकाको आपतकालीन पुर्वतयारी समबन्धि क्रियाकलापहरुको योजना १२९
तालिका नं. ३९ : गाउँपालिकाको प्रतिकार्य (० देखि ३ महिना सम्मको अवधि) समबन्धि क्रियाकलापहरुको योजना १३२
तालिका नं. ४० : गाउँपालिकाको पुनर्स्थापना र पुनर्लाभ व्यवस्थापन सम्बन्धि मुख्य क्रियाकलाप योजना १३४
तालिका नं. ४१: स्थानीय विपद तथा जलवायु उत्थानशील योजनालागि अनुमानित बजेट १३६
तालिका नं. ४२ : श्रोत व्यहोर्ने निकायहरुको नक्शांकन १३७
तालिका नं. ४३: गाउँपालिकाको अनुगमन तथा मुल्यांकन योजना १४१

**चित्रहरुको सुची**

चित्र नं. १ : योजना तर्जुमा सम्बन्धि प्रक्रियाका चार्ट १८
चित्र नं. २: अदानचुली गाउँपालिकाको न्युनतम तापक्रम (सेल्सियस ) सन् २००० देखि २०२१ सम्म २५
चित्र नं. ३: अदानचुली गाउँपालिकाको बार्षिक औषत बर्षा अवस्था ( सन १९८० देखि २०१८ सम्म) २५
चित्र नं. ४: अदानचुली गाउँपालिकामा रहेका सरोकारवाला संघसंस्था रोटी चित्र ७४

## विपद् तथा जलवायु सम्बन्धी केहि शब्दावलीहरु

| | |
|---|---|
| **प्रकोप** | एक प्रक्रिया, दृश्य, मानवक्रियाकलाप वा परिस्थिति जसले जनधनको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्यसम्बन्धी असरहरू, सम्पतीमा क्षति साथै आर्थिक, सामाजिक र वातावरणीय अवरोध ल्याउन सक्छ। |
| **विपद्** | विपद् भन्नाले कुनै स्थानमा आपत्कालिन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्दछ । |
| **संकटासन्नता** | तुलनात्मक रुपमा कम क्षमताभएका त्यस्तो व्यक्ति वा सामाजिक समूह जोसङ्ग सम्भावित प्रकोपको सामना, रोकथाम गर्न र पुनस्थापित हुन कुनै स्रोत साधन र उपाय हुदैन भने त्यसलाई संकटासन्नता भनिन्छ। वा संकटासन्नता भन्नाले खतरामा भएका हुनसक्ने जोखीमका तत्वहरु वा जोखीमको अवस्थामा रहेका व्यक्तिहरु भन्ने बुझिन्छ। |
| **सम्मुखता** | प्रकोपबाट विपद् उत्पन्नहुन सक्ने क्षेत्रतर्फ उन्मुख रहेका मानिस, सम्पत्ति, प्रणाली वा अन्यतत्वहरूको उपस्थितिलाई नै सम्मुखता भनिन्छ। ती तत्वहरू प्रकोपको सम्मुख हुन्छन् र प्रकोपबाट उत्पन्नहुन सक्ने विपद्बाट प्रभावित हुन सक्दछन्। |
| **क्षमता** | संस्था, समुदाय वा समाजसंग उपलव्धभएको सवै प्रकारका बलिया पक्षहरु, विशेषताहरु, श्रोतहरुको समग्र पक्ष जस्ले विपदको जोखिम कम गर्न, व्यवस्थापन गर्न र उत्थानशिलता बलियो बनाउँछ। |
| **विपद जोखिम** | कुनै निश्चित समयमा प्रकोप, सम्मुखता, संकटासन्नता र क्षमताको अन्तरक्रियाबाट समुदाय अवथा समाजमा मृत्यु हुन सक्ने, घाइते हुन सक्ने र सम्पतीको क्षतिहुन सक्ने संभावित अवस्था । |
| **रोकथाम / निवारण** | अहिले अवस्थित रहेको जोखिम र नयां विपदको जोखिमहुन नदिने क्रियाकलापहरु र उपायहरु । |
| **अल्पिकरण** | विपद्मा पर्नु भन्दापहिले विपद्को असर वा प्रभावलाई कम वा न्यून गर्नका लागि संचालन गरीने कार्य वा उपायहरुलाई अल्पीकरण भनिन्छ । यस अनर्तगत संरचनात्मक र गैर संरचनात्मक अल्पीकरणका कार्य वा उपायहरु पर्दछन । |
| **अनुकुलन** | जलवायु परिवर्तनका नकारात्मक असरहरूसँग घुलमिल हुनसक्ने गरी अर्थपूर्ण वातावरण सिर्जना गर्न गरिने कार्यहरु । |
| **प्रतिकार्य** | विपद्को घटना घट्नसाथ तत्कालै गरिने खोज, उद्धार एवम राहातसँग सम्बन्धितकार्य सम्झनुपर्छ र सो शव्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाँउछ । |
| **पुर्व तयारी** | संभावित वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असहरूको प्रभावकारी ढंगले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्नसक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, प्रतिकार्य तथा पुनर्लाभमा काम गर्ने संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता । |
| **विपद पुनर्लाभ** | विपद्को घटनापछि गरिने पुननिर्माण एवम पुनरुथापना सँग सम्बन्धित कार्य सम्झनु पर्छ । |
| **उत्थानशील** | "उत्थानशीलता"भन्नाले प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित क्षमता जसले प्रकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढंगले प्रतिरोध, शमन वा समायोजन गर्नुका साथै पूर्ववस्थामा फर्कन सामर्थ गराउँछ । यस अन्तर्गत आधारभूत संरचनावा सेवा– प्रणालीको संरक्षण एवं पुनरुथापना लगायत पर्दछन् । |

| | |
|---|---|
| **विपद खोज तथा उद्धार समुह** | विपद्को अवस्थामा खोजीतथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्द्धले मानवीय सहायताकर्मीलाई समेत जनाउँछ । |
| **विपद जोखिम न्यूनीकरण** | विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मुल्यौंकन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनिकरण तथा विकासकाकार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धीकार्य सम्झनु पर्छ । |
| **विपद व्यवस्थापन** | विपद् जोखिमन्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पूनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ । |

## विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनमा प्रयोग हुने केही नेपाली र अंग्रेजी शब्दावली

| नेपाली शब्द | अङ्ग्रेजी शब्द |
|---|---|
| भवन निर्माण संहिता | Building Code |
| क्षमता | Capicity |
| क्षमता विकास | Capacity Building |
| जलवायु परिवर्तन | Climate Change |
| आपत्कालीन व्यवस्थापन | Emergency Managemet |
| सामना क्षमता | Coping Capicity |
| विपद् | Disaster |
| विपद् जोखिम | Disaster Risk |
| विपद् व्यवस्थापन | Disaster Management |
| विपद् जोखिम व्यवस्थापन | Disaster Risk Management |
| पूर्वचेतावनी प्रणाली | Early Warning System |
| वातावरणीय ह्रास | Environmental Degradation |
| सम्मुखता | Exposure |
| पूर्वानुमान | Forecast |
| भौगर्भिक प्रकोप | Geological Hazard |
| प्रकोप | Hazard |
| पूर्वतयारी | Preparedness |
| रोकथाम | Prevention |
| पुनर्लाभ | Recovery |
| उत्थानशील | Resilience |
| प्रतिकार्य | Response |
| प्रबलीकरण | Retrofiting |
| जोखिम | Risk |
| जोखिम विश्लेषण | Risk Assessment |
| जोखिम व्यवस्थापन | Risk Management |
| जोखिम स्थानान्तरण | Risk Transfer |
| सङ्कटासन्न÷सङ्कटासन्नता | Vulnerable/Vulnerability |
| प्रारम्भिक द्रुत लेखाजोखा | Initial Rapid Assessment (IRA) |

# कार्यकारी सारांश

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो। त्यसैगरि जलवायुजन्य परिवर्तनका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल अति संवेदनशील छ। यस किसिमका विपद तथा जलवायुजन्य परिवर्तनबाट सृजित समस्याहरुबाट हुम्ला जिल्ला पनि अछुतो छैन। यस अदानचुली गाँउपालिका भुकम्प, पहिरो, आगलागी, महामारी, हावाहुरी, हिमपात, खडेरी, बाढी, रोग किराको प्रकोप, असिनापानी जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ। यस किसिमका प्रकोपबाट यस पालिकामा बिगतमा ठुलो धनजन, पशुवस्तुका साथै खेतीपाती नष्ट भएको तथ्यांक छ।

नेपाल सरकारबाट स्वीकृत भएका “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” विपद जोखिमन्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीयविपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा

**योजनाको संक्षिप्त जानकारी**

| | |
|---|---|
| **भौगोलिक अवस्थिति** | ▪ २९ डिग्री ५८ मिनेट १८ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ४९ मिनेट १५ सेकेण्ड पूर्वी देशान्तर<br>▪ समुद्र सतहबाट करिव २०६१ मिटर देखि ६२२० मिटर |
| **सिमाना** | पुर्वमा खार्पुनाथ गा.पा. पश्चिममा नाम्खा गा.पा. उतरमा चिन (तिब्बत) र दक्षिणमा बाजुरा जिल्ला |
| **कुल क्षेत्रफल** | ७८५.८९ वर्ग किलोमिटर : हुम्ला जिल्लाको कुल क्षेत्रफल मध्ये यस गा.पा.ले १५ प्रतिशत भूगोल ओगोटेको |
| **तापक्रम** | औषत अधिकतम तापक्रम २९º सेल्सीयस र न्यूनतम तापक्रम माईनस २०º सेल्सीयस र औषत वर्षा ५५ मि.लि. |
| **राजनीतिक अवस्थिति** | साबिकको कालिका र श्रीनगर गा. वि. स. मिलेर ६ वटा वडामा विभाजित |
| **कुल जनसंख्या** | **जम्मा** :११९३५ (**महिलाः** ५८८८ र **पुरुषः** ६०४७), **लैंगिक अनुपातः** १०२.७० |
| **कुल घरधुरी** | **जम्मा** : २८८२ **औषत परिवार संख्या** : ४.१४ |
| **कुल साक्षरता दर** | **जम्मा** :६६.४ % (**महिलाः** ५७.१ % र **पुरुषः** ७५.५%) |
| **मुख्य प्रकोप** | भुकम्प, पहिरो, बाढी, खडेरी, आगलागी, रोग किराको प्रकोप, महामारी, हावाहुरी, हिमपात, हिमपहिरो, असिनापानी |
| **संकटासन्न वडाहरु** | **अति उच्च संकटासन्नताः** वडा न ७, २ र ८ **उच्च संकटासन्नताः** वडा नं ५, ४ र १ र **मध्यम संकटासन्नताः** वडा नं ३ र ६ |
| **योजनाको मुख्य सोच** | “विपद तथा जलवायुजन्य समस्याप्रति सुरक्षित र उत्थानशील समाज निर्माण गर्ने” |
| **योजनाको कुल अनुमानित लागत रु.** | • कुल जम्मा लागत रु. १०८०४० हजार जस मध्ये<br>• नीतिगत क्रियाकलापमा रु.९५० हजार<br>• जनचेतना तथा क्षमता अभिवृद्धिमा रु. ३२५० हजार<br>• जोखिम न्यूनीकरणमा रु. ६९०३० हजार<br>• पूर्व तयारी क्रियाकलापमा रु.८३६० हजार<br>• प्रतिकार्यमा रु. ४९५० र<br>• पुनर्स्थापना र पुनर्लाभमा रु. २१५०० हजार |
| **योजनाको अवधि** | आ. ब. २०८०/८१ देखि आ.ब. २०८४/८५ सम्म ५ बर्ष |

निर्देशिका २०७४ मा व्यवस्था भएबमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनर्स्थापना र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिदै सोहि अनुरुप यस गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना सहभागितामुलक र समावेशी रुपमा तर्जुमा गरि पालिकालई विपद प्रतिरोधी र जलवायु उत्थानशील मैत्री बनाउने मुख्य दृष्टिकोण रहेको छ।

विपद् जोखिम नक्साङ्कन तथा समुह छलफलबाट प्राप्त सूचनाका आधारमा यस गाउँपालिकामा भुकम्प, पहिरो, बाढी, खडेरी, आगलागी, रोग किराको प्रकोप, महामारी, हावाहुरी, हिमपात, हिमपहिरो, असिनापानी आदि रहेका छन् । त्यसैगरि वडा नं. ७ अति उच्च संकटासन्न रहेको छ भने भने वडा नं. ५ न्यून संकटासन्न रहेको छ। त्यसैगरि उच्च संकटासन्न देखी न्यून संकटासन्न वडा मापन गर्दा क्रमशः वडा ७, ८, २, १, ३, ४, ६, ७ रहेका छन्।

यस गाउँपालिकालाई विपद तथा जलवायु उत्थानशील बनाउन यस योजना अन्तर्गत पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनर्स्थापना र पुर्ननिर्माण तथा अनुकुलनको कार्यहरुलाई प्राथामिकता राख्दै पाँच बर्ष अवधिका लागि कुल अनुमानित लागत रु. १०८०४० हजार तर्जुमा गरिएको छ। अनुमानित बजेटको व्यवस्था यस गाउँपालिकाको नियमित बार्षिक बजेटका साथै संघ, प्रदेश एवं साझेदार संघ संस्थाहरुको साझेदारी एवं समन्वयमा गरि एकद्वार प्रणाली मार्फत पारदर्शीता तथा मितव्ययीता, प्रभावकारिता र कार्य दक्षताको मूलमन्त्रमा रहेर परिचालन गर्ने रणनीति तय गरिएको छ।

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाले निर्दिष्ट गरेका दृष्टिकोण, लक्ष्य र उद्देश्यलाई साकार पार्न यस भित्रका सबै क्रियाकलापहरुलाई गाउँपालिकाको वार्षिक एवं आवधिक योजनामा समायोजन गरि योजनाको कार्यान्वयनलाई नीतिगत रूपमा नै प्राथमिकतामा राखेर हरेक वार्षिक योजना तर्जुमा प्रक्रियामा मुलाप्रवाहिकरण गरी आवश्यक बजेट बिनियोजनका साथ कार्यान्वयन गरिने छ। त्यसैगरि योजनाको कार्यान्वयन गर्दा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई विशेष प्राथमिकता दिइने छ। यस योजनाको प्रभावकारी एवं परिणाममुखी नतिजा हासिल गर्न एकीकृत अनुगमन तथा मुल्यांकन प्रकियालाई मुलमन्त्रका रुपमा लिइएको छ। यस योजनाको कार्यान्वयनका क्रममा भएका उपलब्धि, सिकाइ, अनुभव र चुनौती, सुधार गर्नुपर्ने विषयवस्तुलाई समावेश गरी सहज र प्रभावकारी बनाउनका लागि योजनालाई आवश्यकता अनुसार अद्यावधिक गर्दै लगिने नीतिलाई समेत योजनामा उल्लेख गरिएको छ।

# खण्ड १: प्रारम्भिक परिचय

## १.१. पृष्ठभुमी

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो। जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ। विश्वमान चित्रमा नेपाल भुकम्पीय जोखिमको हिसावले ११ औं जोखिम,बाढी पहिरोको हिसावले ३० औं जोखिम र जलवायू परिवर्तनको जोखिमको हिसावले नेपाल विश्वमा चौथो जोखिममा पर्दछ। हुम्ला जिल्ला पनि यी जोखिमहरुबाट अछुतो रहन सकेको छैन । अदानचुली गाँउपालिका भुकम्प, पहिरो, आगलागी, महामारी, हावाहुरी, हिमपात, चट्याङ्ग, खडेरी, बाढी जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ। यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” विपद जोखिमन्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीयविपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्थाभएबमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनर्स्थापना र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ। विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहललिन आवश्यक भइसकेको छ। यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलपव्राहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदुाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापितहुने गरी स्थानीयश्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकताहो। यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूलभावना तथा मर्मलाई आत्मसात गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन, २०७४ परिच्छेद ७, दफा १७ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताकाविषयहरु समेत समावेश गर्दै अदानचुली गाउँपालिकाको विपद् शाखा को आर्थिक तथा प्राविधिक सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना,२०८० निर्माण गरिएको छ।

## १.२. स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको उद्देश्य

- अदानचुली गाँउपालिको सम्भावित विपद् तथा जलवायु जन्य परिवर्तनको जोखिम कम गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुनर्स्थापना तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न गाउँपालिकाले तयार गरेको योजनाबद्ध कार्यक्रम, कार्य जिम्मेवारी तथा बजेट सहितको ढाँचा नै स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना हो, जसले अदानचुली

गाँउपालिका भित्रका स्थानीय समुदाय र सरोकारवालाको प्रत्यक्ष, समावेशी, र सक्रिय सहभागिताको प्रत्याभूति गर्छ।

- यस योजनाले अदानचुली गाँउपालिका भित्र विपद तथा जलवायु परिवर्तनद्वारा मानवीय, आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक श्रोतमा पर्न सक्ने प्रतिकूल प्रभावको विश्लेषण गरेको छ।
- अदानचुली गाँउपालिकामा समावेशी र सहभागीतामूलक विधिको प्रयोग मार्फत् समुदायमा रहेको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गर्दै जोखिम न्यूनीकरण, प्रतिकार्य र पुर्नलाभका कार्यहरु गर्न तथा जलवायु परिवर्तन अनुकुलनका लागि स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालनमा जोड दिइएको छ।
- आवश्यकता अनुसार विकास प्रक्रियामा विपद् तथा जलवायु उत्थानशिलतालाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद् पछि गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गर्छ ।
- विपद् जोखिम न्यूनीकरण कार्यक्रमलाई स्थानीयतहमा नै संस्थागत गरी आत्मनिर्भर बनाउन र स्थानीय समुदायको साझेदारीमा वृद्धि गर्न।
- अदानचुली गाँउपालिकाका बालवालिकाहरुलाई विपद जोखिमबारे ज्ञानको अभिवृद्धी गरि विपद्को समयमा बालवालिकामा पर्ने असरहरुलाई कमगर्दै विपद जोखिम न्यूनीकरणमा बालवालिकाको अर्थपुर्ण सहभागिता सूनिश्चित गर्न।

## १.३. योजनाको आवश्यकता तथा महत्व

पहिरो, खडेरी, आगलागी, भुकम्प, जंगली जनावर आतंक, सडक दुर्घटना, हिमपात, हावाहुरी,बाढी तथा महामारीको बढी जोखिममा रहेका समुदायहरु सामाजिक, आर्थिक तथा साङगठनिक रुपमा कमजोर हुन्छन्। खाद्य असुरक्षा, शौचालय,स्वास्थ्य तथा सरसफाइका सुविधाहरुको सिमितता, विपदका कारण सुरक्षित बासस्थानको सही पहिचान तथा उपयुक्त व्यवस्थापन गर्न नसक्नु आदि विपद् प्रभावित समुदायहरुले सामना गर्ने मुख्य समस्याहरु हुन। परिणाम स्वरुप प्राकृतिक तथा मानवजन्य प्रकोपहरु संग समुदायको सामना गर्ने क्षमता निकै कमजोर छ। यस्ता समस्याहरुलाई सम्वोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउने निर्णय गर्नु अत्यन्त जरुरी छ। अदानचुली गाँउपालिकाको प्रकोप पूर्व तयारी तथा प्रतिकार्यमा काम गर्ने विभिन्न सरोकारबालाहरु संघ संस्थाहरुवीच समन्वय र सहकार्य गर्ने महत्वपूर्ण साधनको रुपमा यो योजना रहनेछ। विपदको अवस्थामा प्रभावकारी मानवीय सहयोगकालागि तथा सम्भावित विपदको जोखिम कमगर्नका लागि विपद जोखिम व्यवस्थापन योजना आवश्यक पर्दछ। विशेषगरि मानवीय सहयोगको प्रत्याभुति गराउन विपद् जोखिम न्युनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुँच पुरयाउन, र विपद् पश्चात प्रभावितहरुको उचित व्यवस्थापन गर्न, सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, संकटासन्नाटा समूहहरुको संरक्षण तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण प्रबर्द्धन गर्न, खानेपानि तथा सरसफाई एवं स्वास्थ्य प्रवर्द्धन गर्न यस योजनाले मार्ग निर्देश गर्नेछ। त्यसका साथै श्रोतको सहि परिचालन तथा पहिंचान गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन समेत यस योजनाले मद्दत गर्नेछ। तसर्थ, अदानचुली गाँउपालिकामाविपदबाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय

सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउन पुर्वतयारीको दस्तावेजका रुपमा यो विपद् तथा जलवायू उत्थानशिल योजना तयार पारिएको हो।यो योजना युनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा अदानचुली गाँउपालिकाका अध्यक्षतामा अदानचुली गाँउपालिकाका स्तरीय स्थानीय विपद् तथा जलवायू उत्थानशिल समिति (Local Disaster) गठन गरि उक्त समितिले गाँउकार्यपालिका, स्थानीय निर्वाचित जनप्रतिनिधी, स्थानिय राजनितिक दलका अगुवा, विभिन्न विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधि, बालवालिका, महिला, स्थानिय स्तरका संघसंस्था, आदिवासी जनजाति, दलित, अपाङ्ग, शिक्षक, समाजसेवी लगायत सम्पूर्ण लाभग्राही समुदायसँग समन्वय र परामर्श गर्दै स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा यो योजना निर्माण गरिएको छ।

## १.४. योजनाका सीमा

गाउँपालिकाको योजना निर्माणकोलागि अदानचुली गाँउपालिकाका गठन भएको योजना निर्माण समितिका संयोजक तथा सवै सदस्यहरु यस गाँउपालिकाका, वडा कार्यलयहरुको अगुवाईमा विपद् व्यवस्थापन समितीका संयोजक तथा सदस्यहरु राजनितीक पार्टिका प्रतिनिधिहरु, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, स्थानिय स्तरका सरकारी कार्यालयका प्रतिनिधिहरु, दलित, अपाङ्ग, संघ संस्थाहरुबाट प्रतिनिधी, महिला लगायत सम्पूर्ण क्षेत्रको सहभागिता संकटासन्नता तथा क्षमताको पहिचान तथा विश्लेषण (VCA) विभिन्न औजारहरुको प्रयोग गरि गरिएको थियो।यस गाँउपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा गर्दा पुर्ण रुपमा सहभागितामूलक प्रकृयाका माध्यामबाट गरिएको थियो। योजना तर्जुमा गर्दा देखिएका केहि सीमाहरु निम्नानुसार छन्।

- नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” विपद जोखिमन्यूनीकरण तथा व्यवस्थापान ऐन, २०७४, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ तथा यसको परिमार्जन मस्यौदा निर्देशिका, २०७४ मा व्यवस्था भएअनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ। यस निर्देशिकामा उल्लेख गरिएको उच्च, मध्यम तथा निम्न जोखिममा रहेका बस्तीहरुको अंकभार दिने कार्यमा अष्पष्टता भएकोले त्यस अंकभारलाई आधार नमानिएको र समुदायका सरोकारवालाहरु संग भएको अन्तरक्रिया, विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ।
- विपद जोखिम व्यवस्थापनको योजना अन्तरगत बनाएका गतिविधिहरुको कार्यान्वयनका लागि सम्बन्धित गतिविधि स्थानियतहका सरकारी निकायहरु, जिल्ला समन्वय समिती तथा दातृ संस्थाहरुबाट समेत सहयोग मिल्ने आशा गरिएको छ। अन्यथा योजना कार्यन्वयनमा समस्या पर्ने देखिन्छ।
- योजना निर्माण गर्दा यस गाउँपालिकामा योजना तर्जुमा कार्यशाला गोष्टी गरिएको र उक्त कार्यशालाबाट आएका राय सुझाव गाउँपालिकामा भएको तथ्यांक, सामाजिक स्रोत नक्शा तथा

गाउँपालिकाका सवै वडाहरुमा गरिएको जोखिम पहिंचान गरिएको VCA प्रतिवेदनलाई समेत आधार मानि तयार गरिएको छ।

## १.५. योजना निर्माण प्रक्रिया विधि

यो योजना तर्जुमा गर्दा तल उल्लेखित विधि र प्रक्रियाहरु अपनाइएको छ।

- नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन, २०७४, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ तथा यसको परिमार्जन मस्यौदा निर्देशिका, २०७४ मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ। यस निर्देशिकामा उल्लेख गरिएको उच्च, मध्यम तथा निम्न जोखिममा रहेका बस्तीहरुको अंकभार दिने कार्यमा अष्पष्टता भएकोले त्यस अंकभारलाई आधार नमानिएको र समुदायका सरोकारवालाहरुसंग भएको अन्तरक्रिया, विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ।
- योजना तर्जुमा गर्दा गाउँपालिकाको सवै क्षेत्रबाट प्रतिनिधित्व हुने गरि सवै सरोकारवालाहरुको सहभागितालाई सुनिश्चित गरिएको छ।
- विगतका वर्षहरुको विपद्को अवस्थाहरुको वारेमा विश्लेषण गरीएको छ।
- गाउँपालिकाको सामाजिक आर्थिक तथा धार्मिक अवस्थाको विश्लेषण गरिएको छ।
- गाउँपालिकाका सम्पुर्ण वडाहरुको प्रतिनिधित्व गराई तथ्याङ्क संकलन गरिएको छ।
- कार्ययोजनामा मुख्य तया पहिरो, आगलागी, महामारी, हुरी बतास, चटयाङ्ग, भुकम्प बाढी आदि विपद्को पुर्व, विपदको समयमा, र विपद् पश्चायत के गर्ने र क्षमता विकास तथा जनचेतना, आपतकालीन पुर्व तयारी र जोखिम न्यूनीकरण अल्पीकरणमा के के गर्ने आदि बारे योजना बनाइएको छ।

योजना तर्जुमा गर्दा अपनाईएको विधि यसप्रकार रहेको छ ।

**चरण १**

पहिलो चरणमा गाउँपालिका स्तरीय समन्वय मार्फत संकटासन्न गाउँपालिका स्तरीय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया अगाडी बढाउने निर्णय गरियो। गाउँपालिका स्तरीय भेला आयोजना गरी गाउँपालिका अध्यक्षको अध्यक्षतामा नै पालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको रूपमा गठन गर्दै यसै समितिको मातहतमा रहने गरि एक योजना तर्जुमा उप–समितिको पनि गठन गरियो। त्यसैगरि वडा स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको निर्णयानुसार नै सो समिति र उप–समितिलाई योजना तर्जुमा प्रक्रियाका छलफल तथा परामर्श बैठक आयोजना गरियो।

**चरण २**

दोस्रो चरणमा स्थानीय समुदायकै सक्रिय सहभागितामा संकटासन्नता तथा क्षमता आँकलनको लागि आवश्यक पर्ने तथ्यांक संकलन गरिएको थियो। गाउँकार्यपालिका र विषयगत समितिका साथै विभिन्न ८ वटा क्लस्टरहरुसंग छलफल तथा परामर्श बैठक आयोजना गरि आवश्यक सूचना तह तथ्यांक संकलन गर्ने कार्य गरियो। उक्त बैठक एवं बिषयगत कर्मचारीहरुको सहयोगमा विपद् तथा जलवायू उत्थानशील समिति र योजना तर्जुमा उप–समितिवाट संकलित तथ्यांकको पुनरावलोकन, प्रमाणीकरण, प्रशोधन र बिश्लेषणका लागि गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति र योजना तर्जुमा उप–समिति सदस्यहरुका साथै अन्य सरोकारवाला निकायहरुसँगको एक संयुक्त कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। सो गोष्ठीले तथ्यांङ्कहरुको पुनः संकलन, परिमार्जन र अध्यावधिक गर्दै त्रुटिरहित तथ्यांकको आधारमा योजना तर्जुमा गर्ने कार्य गरिएको थियो।

**चरण ३**

गाउँपालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको पाश्र्वचित्रमा पहिचान भएका जोखिमको व्यवस्थापन गर्न समुदाय, वडा र गाउँपालिका तथा वडा तहमा सञ्चालन गर्नु पर्ने क्रियाकलापहरूको पहिचान गरी अनुसूचीको ढाँचा बमोजिम प्राथमिकता निर्धारण गरियो। समुदाय र टोल समुदायमा प्राथमिकीकरण भएका विपद् तथा जलवायु उत्थानशीलताका कार्यलाई एकीकृत गरी अनुसुची बमोजिमको ढाँचामा गाउँपालिकास्तरीय विपद् तथा जलवायु उत्थानशील योजनाको मस्यौदा तयार गरिएको थियो सो मस्यौदा योजना माथि बिस्तृत छलफल गर्न गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिले सबै क्षेत्र र वर्गको समेत प्रतिनिधित्व हुने गरी एक बृहत् कार्यशालाको आयोजना गरिएको थियो। कार्यशालाबाट प्राप्त पृष्ठपोषण समेत समावेश गरी मस्यौदा योजनालाई अन्तिम रूप दिई कार्यपालिकामा पेश गरियो।

- यस योजनाको कार्यान्वयनका लागि समन्वय समिति, प्रदेश सरकार, जिल्ला बाट प्रतिनिधित्व गर्ने मन्त्री तथा सांसदहरु तथा अन्य दातृ निकायसँग समन्वय गरिने छ। गाउँपालिकामा गरिने विकासका कार्यमा विपद्लाई मध्य नजर गरेर गरिनेछ।
- स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी विपद् जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।
- योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् तथा जलवायू उत्थानशिल समिती, गाउँपालिका, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, यूनिसेफ, रेडक्रस लगायत अन्य सरोकारवाला संघसंस्थाका साथै लाभग्राहीहरुबाट समेत नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ।
- योजना कार्यान्यवनको लागि समय समयमा बिभिन्न प्रकारका क्षमता अभिबृद्धि तथा पुर्नताजगि तालिमको आयोजना गरिनेछ ।

स्थानीय विपद् तथा जलवायू उत्थानशील योजना तर्जुमा प्रक्रियाः सम्बन्धि चार्ट / चित्र निम्नानुसार रहेको छ ।

**चित्र नं. १ः योजना तर्जुमा सम्बन्धि प्रक्रियागत चार्ट**




## १.७. योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन

- गाँउपालिकाबाट बार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्दा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

- गाउँपालिका तथा स्थानिय विपद् व्यवस्थापन समितिले स्थानिय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।
- विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित निकाय, स्थानिय तहमा पेश गरिने छ ।
- योजनाको बार्षिक रुपमा आवश्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गरिने छ ।

### १.८.१. अदानचुली गाँउपालिकाको संक्षिप्त परिचय

### १.८.२. भौगोलिक अवस्थिति

अदानचुली गाउँपालिका हुम्ला जिल्लाको उतर पश्चिम भागमा अवस्थित रहेको छ। यो गाउँपालिका भौगोगिक अवस्थितिका हिसाबले २९ डिग्री ५८ मिनेट १८ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ४९ मिनेट १५ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिकाको पुर्वमा खार्पुनाथ गा.पा. पश्चिममा नाम्खा गाउँपालिका उतरमा चिन (तिब्बत) र दक्षिणमा बाजुरा जिल्ला अवस्थित रहेका छन् । यस गाउँपालिकाको कुल क्षेत्रफल ७८५.८९ वर्ग किलोमिटर रहेको छ।

### १.८.३. ऐतिहासिक चिनारी

यस अदानचुली गाउपालिका साविकको कालिका र श्रीनगर गाविस मिलेर बनेको छ यहाँ दुवे गाविसको विचमा एक प्रशिद्द मन्दिर अदानचुली माईको सवै भन्दा अग्लो लेखमा रखेको छ त्यसैले यस पालिकाको नाम अदानचुली गाउपालिका राखिएको हो । यहाँ ६ वटा वडहरुमा विभाजन रहेको छ भने भौगोलिक हिसावले धान फल्ने देखि हिउ पर्ने चौरी पाल्न मिल्ने समेत हावापानि रहको छ यहँ विशेष गर भेडा बाखा गाई गोरु भैसिहरु पालन गर्छन् ।

### १.८.३. राजनीतिक अवस्थिति

अदानचुली गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत हुम्ला जिल्लाको उतर पश्चिम भागमा अवस्थित रहेको छ। नेपालको संविधान धारा २९५ को उपधारा (३) वमोजिम कायम भएका स्थानिय तहहरु मध्ये अदानचुली गाउँपालिका पनि एक हो। गाउँपालिकाको स्थापना स्थानीय तह पुनर्संरचनाका क्रममा वि.सं. २०७३ साल फागुन २३ गते हुम्ला जिल्लाका साविक कालिका र श्रीनगर गाविसहरु समेटी स्थापना गरिएको हो। हुम्ला जिल्लाका प्रतिनिधि सभा सदस्यका लागि एउटा मात्र निर्वाचन क्षेत्र कायम रहेको छ । यस क्षेत्र हाल प्रदेश सभा सदस्यको निर्वाचनका लागि तय गरिएका निर्वाचन क्षेत्रमध्ये प्रदेश क अन्तरगत रहेको छ। कूल ६ वटा वडा रहेको यस गाउँपालिकाको केन्द्र वडा नं. ३ को श्रीनगर अवस्थित रहेको छ। गाउँपालिकामा समावेश भएका साविक गाविसहरु र हालका वडाहरुको क्षेत्रफल सहितको विवरणलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ : अदानचुली गाउँपालिकखारुको वडा अनुसार विवरण**

| वडा नं. | समावेश साविक गा.वि.स. | कैफियत |
|---|---|---|
| १ | श्रीनगर गाविसको ६,७र ८ | तल्लो कल्खे र माथिल्लो कल्खे |
| २ | श्रीगनर गाविसको १,२ र ३ | भण्डारी गाउ, वुढा गाउ |
| ३ | श्रीगनर गाविसको ४,५ | रोकायावाडा र फडेरावाडा |
| ४ | श्रीगनर गाविसको ९र कालिकाको ९ | विगोठी, रिल्म, लौठि र पाम्स |
| ५ | कालिका गाविसको १,२,३ र ४ | काँखे, बारिगाउ र कगैंई |
| ६ | कालिका गाविसको ५,६,७ र ८ | लमहि, पाल्स |
| | **जम्मा** | |

श्रोतः अदानचुली गाउँपालिकाको शैक्षिक प्रोफाईल, २०७५

### १.८.४. चाडपर्व, धर्म तथा संस्कृति

यो गाउँपालिकामा पर्ने माथि उल्लेखित वस्तीहरुमा हिन्दु र ईसाई धर्मालम्वीको बसोबास भएको हुँदा दुबैका आ–आफ्ना रितीरिवाज, चालचलन धर्म, संस्कृति र परम्पराहरु परापुर्वकाल देखि रहि आएका छन्। हिन्दुहरुले दशै, तिहार, चैते अष्टमी, माघेपुर्णीमा, बैसाख पुर्णिमा, श्रावण पुर्णिमा, चैतालो, गौरा, श्रीपंचमी, साउने संक्रान्ति, चोख्या, भैलो,भुवोआदि मान्दछन् साथै विभिन्न पुर्णिमाहरु आदि चाडपर्वहरु मनाउँछन्। लामा र धाँमि झाँक्री प्रथा प्रति अगाध बिस्वास राख्ने यहाँका बासिन्दाहरुमा हिन्दु र बौद्ध धर्मको मिश्रित प्रभाव रहेको छ।

यस बाहेक यस पदमार्ग क्षेत्रमा बसोबास गर्ने समुदाय एवं वस्तीहरुका दुबै धर्मालम्वीहरूले आ आफ्नो संस्कार अनुसार जन्म देखि मृत्युसम्मका विभिन्न संस्कारहरू जस्तै न्वारन, व्रतबन्ध, पास्नी, विवाह र मृत्यु पछि काजक्रिया गर्ने चलन रहेको पाइन्छ। मृत्यु पश्चात् लाशलाई जलाउने र बच्चाहरूको भए जमिनमा गाड्ने चलन रहेको छ। मृत्यु हुँदा प्रायः १२ दिन काजक्रिया बसी १३ औं दिनमा क्रिया सक्ने चलन रहेको छ । बुबा मर्दा एक वर्षसम्म मासु नखाने र आमा मर्दा १ वर्षसम्म दुध नखाने चलन पनि रहेको छ। बौद्ध धर्मालम्वीहरूको भने लाश लाई लामाले जोखाना हेरी जलाउने जमिनमा पुर्ने वा काटेर चिल वा गिद्धलाई खुवाउने प्रचलन रहेको पाइन्छ। हिन्दू धर्मालम्वी महिलाहरूमा नछुने (छइ) हुँदा ७ दिनसम्म र सुत्केरी हुँदा अछुत भई छुन नहुने परम्पराले गर्दा १५ देखि ४५ दिनसम्म पशु राख्ने गोठमा राख्ने र त्यही खाना दिने प्रचलन रहेको छ। हिन्दु धर्मालम्वीहरूले छोरा जन्मेमा धुमधाम साथ पुरेत लगाई ९ दिनमा न्वारान गर्ने र छोरी भएमा ६ दिनमा नै न्वारान गर्ने प्रचलन रहेको पाइन्छ। केटाहरूको ७ देखि १६ वर्षको उमेरमा व्रतवन्ध गर्ने गरिन्छ भने त्यस पछि बाहुन, शाही, ठकुरी जस्ता माथिल्लो जातकाले आफु भन्दा तल्लो जातले छोएको नखाने परम्परा भए पनि हाल क्रमशः हट्दै गएको पाइन्छ। यस जिल्लामा हालसम्म पनि छुवाछुतको चलन अस्तित्व मै छ। यस किसिमका संस्कार र परम्परागत चालचलन बाह्रय तथा आन्तरिक पर्यटकका लागि चासो र अध्ययन तथा अनुसन्धानमुलक हुन सक्छ।

### १.८.५. भेषभुषा

यस गाउँपालिका हिन्दु तथा ईसाई धर्माम्वलीहरुको बसोबास रहेकोले साथै विषम भौगोलिक वातावरणमा अनुकुलन हुन सोहि किसिमका भेषभुषा र लावाईखुवाईको प्रयोग गर्ने गर्दछन। यस गाउँपालिकाका पुरुषहरुले प्रायःजसो दौरा, सुरुवाल, ईष्टकोट, कोट, टोपी लगाउँछन्। महिलाहरुले गुन्यू (गावुन) चोले, पटुकी –पाउडो) र मजेत्रो लगाउँछन्। यहाँका हिन्दु महिलाहरु आधुनिक तथा परम्परागत चलन चल्तीका गरगहनाहरु लगाउने गर्दछन्। गहनाहरुमा पोते, कौडाका माला, चाँदी मुगा र सिक्काका माला फुली बुलाकि, चुराहरु, श्री बन्दी टप र औंठी लगाउने गर्दछन्। समयको परिवर्तन, विश्व भूमण्डलीकरण र आधुनिकीकरण आदिको प्रभावले पढेलेखेका युवायुवतीहरु संगै अधिकाँस जनामानसहरुलेको आधुनिक भेष भुषा जस्तै सर्ट, पाइन्ट, ज्याकेट कुर्ता, सुरुवाल लगायत बाजारमा देखिने लुगाहरुका नयाँ नयाँ फेशन डिजाईनयुक्त कपडाहरु लगाउने गर्दछन।

### १.८.६. प्राकृतिक सम्पदाहरु

यस गाउँपालिकाको क्षेत्रभित्र समेटिएको भु भागमध्ये कृषियोग्य भुमिको माटो पत्थरिलो छ। यस माटोमा नाइट्रोजन र फोस्फोरस कमि भएता पनि पोटासको परिमाण भने औषतमा उल्लेखनीय भएको पाईन्छ। यस गाउँपालिकामा बिभिन्न खनिज पदार्थहरुको उपलब्धताको संम्भावना रहेता पनि आवश्यक अनुसन्धान र खोजको अभावले गर्दा के कति प्रकारका खनिज पदार्थहरु रहेका छन् सो को पहिचान हुन सकेको छैन। अदानचुलीको दोजामको लाचार्मुमा फटिङ र तोरे माटो, ह्वाप भित्र नुन भएको पाईन्छ। यद्यपि यसको अध्ययन तथा अनुसन्धान भने भएको छैन। अदानचुली गाउँपालिकालाई वन श्रोतको आधारमा धनि छ।

**तालिका नं. २ः गाउँपालिकाको प्राकृतिक सम्पदा र भू उपयोग स्थिति**

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (बर्ग किमि) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमीन | ३५.६२ | ४.५४ |
| २ | बाँझो जमिन | २७७.९७ | ३५.४० |
| ३ | घाँसे मैदान, चरण क्षेत्र | १९८.९५ | २५.३४ |
| ४ | वन क्षेत्र | २७.३८ | ३.४९ |
| ५ | झाडी बुट्यान | ४७.१६ | ६.०१ |
| ६ | पानीले ढाकोको क्षेत्र | ०.५२ | ०.०७ |
| ७ | हिउँले ढाकेको क्षेत्र | १९७.५४ | २५.१६ |
|  | **जम्मा** | **७८५.१३** | **१००** |

**श्रोतः** ईसिमोड, २०१० / स्थानीय अनुकुलन कार्ययोजना प्रतिवेदन २०७९

**तालिका नं. ३ः गाउँपालिका भित्र रहेका मुख्य प्राकृतिक सम्पदाहरु**

| क्र. सं. | प्राकृतिक सम्पदाहरुको प्रकार | मुख्य मुख्य प्राकृतिक सम्पदाहरुको नाम |
|---|---|---|
| १ | जीवजन्तु तथा चराचुरुंगी | कस्तुरी, चितुवा, स्याल, बाँदर, नाउर, घोरल, च्याखुरा, घोरल, मृग, झारल,डाँफे, कालिज, लडुवा, च्याठ फँग्रास, च्याखुरा, तित्रा, काल्च्या, तितिरे, देउखुसे, ढुकुर, हलेसो, मालुवा, कुयाँ, चाँचड, कैल, चिचुवाँ आदि |
| २ | जडिबुटी | गुच्ची च्याउँ, अतिस, कटुकी, सेतो चीनी, जटामसी, पदमचाल, गन्धाइनु, पाँचऔंले, सिलाजित, ओखर, चुली, खामु , चुत्रो ( चोत्तो ) ढँटेलो, डाले चुक, घोडेमच्चा, च्याउ, पदमचाल, डोल, बाजडी, यार्चागुम्बा, पोड्या, बन लसुन, नारु, मुजेठो, हडेरो, उत्तिस, कटुकी, जटामासी, सेताक चिनी (खिराउला), रुता, गन्दइनो, बन भाँडे,पाँच औले, हल्या, बाँको, धतुरो आदि |
| ३ | वन जंगल | सेता चन्दन, लोपउन्मुख लौठ सल्ला तथा गोब्रे सल्ला, धुपी, चिमेलो, भोजपत्र, खोटे सल्ला, बाँझ, उत्तीस, बेडुचुली, ओखर, पाँगर, तेलाइलो, लालीगुराँस, धुपी, गोब्रे सल्लो, ठिंगो सल्लो,डालेचुक, डटेलो, चुली आदि |
| ४ | डाँडा र हिमाल | पंचमुखी, चाङ्गला, शेल्माकांग |
| ५ | खोलानाला | कालागाड खोला, लिब्रा खोला |
| ६ | ताल तलैया | रिगदह, कर्गेई दह |

**तालिका नं. ४ः गाउँपालिकाका प्रमुख नदीनाला तथा खोलाहरुको जलाधार क्षेत्र र वहाव क्षमता**

| क्र.स. | प्रमुख नदीनालाको नाम | जलाधार क्षेत्र (वर्ग कि.मि.) | नदीखोलाको लम्बाई (कि.मि.) | नदीखोलाको बहाव क्षमता (१० क्यूसेक भन्दा बढी) | |
|---|---|---|---|---|---|
| | | | | न्यूनतम | अधिकतम |
| १ | हुम्ला कर्णाली नदी | ५८३८ | ८८ | २४.०७ | ७२९ |
| २ | कालागाड खोला | ३६९ | ४४ | १.७८ | ४३ |
| ३ | लिब्रा खोला | २४७ | ४२ | १.२५ | ६१ |

स्रोतः जिल्ला वन कार्यालय हुम्ला, २०७१

**तालिका नं. ५ : मुख्य खोला, ताल र सिमसार क्षेत्र र लाभान्वित वडाहरु**

| क्र.सं. | नदी खोलाको नाम | जिल्ला भित्र पर्ने लम्बाई (कि.मि.) | वहाव क्षमता (क्यूसेक) | लाभान्वित वडा |
|---|---|---|---|---|
| १ | कालागाड खोला | २५ | ४३ | वडा नं. २-६ |
| | कर्णाली नदि | ८ | | वडा न १,२ र ३ |
| | | | | |
| | | | | |

स्रोतः जिल्ला वन कार्यालय हुम्ला, २०७१

**तालिका नं. ६ : अदानचुली गाउँपालिकाका मुख्य ताल तलैयाहरु**

| क्र.सं. | ताल, दह तथा सिमसार क्षेत्रको नाम | वडा | स्थान | अन्दाजी क्षेत्रफल (रोपनी) | उपयोगको विवरण | प्रमुख विशेषताहरु |
|---|---|---|---|---|---|---|
| १ | नौमुले ज्वाला | ५ | ढिडालेख | १० | पर्यटकीय गन्तव्य | रमणीय ताल र भू—दृश्य ज्वाला निस्किने |
| २ | तरपरे | १ | कल्खे | ३०० | मेला, पर्यटकीय गन्तव्य | ऐहिासिक र साँस्कृतिक महत्व |
| ३ | दोमुख | १ | दोमुख | ५ | साँस्कृतिक र पर्यटकीय गन्तव्यस्थल | रमणीय दह र स्थल |
| ४ | रिगदह | ४, ६ | फापररासि | २५ | पर्यटकीय स्थल | रमणीय दह र स्थल |

**स्रोतः** जिल्ला वन कार्यालय हुम्ला, २०७१

### १.८.७. हावापानी, मौसम

अदानचुली गाउँपालिका हिमाली भू—भागमा अवस्थित भएकाले त्यसको **हावापानी र मौसम अवस्था** खासगरी त्यहाँको **उचाइ**सँग गहिरो सम्बन्धित छ। यहाँको भू—भागको **औसत उचाइ २,६१९ मि** रहेको छ भने स्थान अनुसार **१,१८६मि देखि ४,१४० मि सम्मको उच्च रेखानयाँ कटिबद्धता** पाइन्छ । यसले तल र माथिल्लो भू—भागका वस्तीहरूमा मौसममा ठूला मतभेद उत्पन्न गर्दछ।

जाडो यममा, उच्च भागमा तापक्रम शून्य मुनि झर्छ र हिमपात सामान्य रूपमा देखा पर्छ। मङ्सिरदेखि फागुनसम्म **चिसो र कडा जाडो** रहन्छ, जसले दैनिक जीवन र कृषि गतिविधिमा चुनौती ल्याउँछ। गर्मीयाममा तापक्रम मध्यम वृद्धि हुँदा पनि ठाँउ अनुसार अझै **चिसो, सुख्खा** अवस्था कायम रहन्छ। वर्षा प्रायः **असार—साउन**मा सघन रूपमा हुन पुग्छ, तर उचाइ फरकका कारण वर्षाको वितरण निश्चित हुँदैन'केही वस्तीमा **खडेरी** र केही भागमा **पहिरो वा बाढीको जोखिम** बन्छ। साथै, **वातावरण अस्थिर हुनाले हावाहुरी, असिना, चटयाङ्ग** आदि मौसमी प्रकोप देखा पर्न सक्छन्, जुन जीवन र पूर्वाधारका लागि संवेदनशील चुनौती हुन्।

**चित्र नं. २: अदानचुली गाउँपालिकाको न्युनतम तापक्रम (सेल्सियस ) सन् २००० देखि २०२१ सम्म[1]**




**चित्र नं. ३: अदानचुली गाउँपालिकाको बार्षिक औषत बर्षा अवस्था ( सन १९८० देखि २०१८ सम्म)**




### १.८.८. जनसांख्यिक अवस्थिति

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १०७४९ रहेको छ। यस पालिकाको जम्मा घरधुरी १८५८ रहेको छ। यस पालिकाको औषत घरधुरी प्रतिघर ४.१४ रहेको छ भने लैंगिक

[1] https://www.meteoblue.com/en/weather/historyclimate/climatemodelled/simikot_nepal_1282779

अनुपात १०२.७० रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनघनत्व १५ व.कि.मि. रहेको छ। त्यसैगरि कुल साक्षरता दर ६६.४ प्रतिशत मध्ये महिला साक्षरता दर ५७.१ प्रतिशत र पुरुष ७५.५ प्रतिशत रहेको छ।

### १.८.९. उमेर तथा लिङ्गका आधारमा जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार उमेरका आधारमा जनसंख्याको स्थिति हेर्दा उमेर समुह अनुसार पाँच वर्षमुनिको कुल जनसंख्या ११४६ मध्ये पुरुषको ५९५ र महिलाको ५५१ जनसंख्या रहेको देखिन्छ। त्यसैगरि ७० वर्षमाथिको कुल जनसंख्या ४३१ मध्ये पुरुषको २१३ र महिलाको २१८ जनसंख्या रहेको देखिन्छ। लैंगिकताका आधारमा विभिन्न उमेर समुह अनुसार जनसंख्याको विवरण निम्न बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८: अदानचुली गाउँपालिकाको उमेर र लिंग अनुसार जनसंख्या [2]**

| पाँच अवधि भित्रको उमेर समुह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ० देखि ४ | ११४६ | ५९५ | ५५१ |
| ५ देखि ९ | १२५० | ६५० | ६०० |
| १० देखि १४ | १५१९ | ७६१ | ७५८ |
| १५ देखि १९ | १०७८ | ५११ | ५६७ |
| २० देखि २४ | ९५५ | ४६० | ४९५ |
| २५ देखि २९ | ९६८ | ४६२ | ५०६ |
| ३० देखि ३४ | ९५२ | ४७४ | ४७८ |
| ३५ देखि ३९ | ८६२ | ४५९ | ४०३ |
| ४० देखि ४४ | ६३० | ३१५ | ३१५ |
| ४५ देखि ४९ | ५३३ | २८३ | २५० |
| ५० देखि ५४ | ५४१ | २८६ | २५५ |
| ५५ देखि ५९ | ४०५ | २२४ | १८१ |
| ६० देखि ६४ | ४०५ | २०९ | १९६ |
| ६५ देखि ६९ | २६० | १४५ | ११५ |
| ७० देखि ७४ | २०९ | १०२ | १०७ |
| ७५ देखि ७९ | १२३ | ५९ | ६४ |
| ८० देखि ८४ | ६० | ३२ | २८ |
| ८५ देखि ८९ | २६ | १५ | ११ |
| ९० देखि ९४ | ५ | २ | ३ |
| ९५ + | ८ | ३ | ५ |
| जम्मा | | | |

[2] राष्ट्रिय जनगणना २०७८

### १.८.१०. अपांगताको प्रकार अनुसार जनसंख्या

गाउँपालिका क्षेत्र भित्र रहेका विभिन्न खालका अपांगता भएका कूल ४.५ प्रतिशत व्यक्तिहरु मध्ये महिला तथा पुरुष अपांगता भएका व्याक्तिको प्रतिशत क्रमश ३.८ र ५.२ रहेको छ । जस मध्ये सबैभन्दा बढी शारीरिक अपांगता भएकाहरुको प्रतिशत ४१.७ रहेको छ भने सबैभन्दा न्यून बौद्धिक अपाङ्गता भएका व्याक्तिहरु रहेका छन् । यस सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९: अपांगताको प्रकार अनुसार जनसंख्या प्रतिशत**

| अपांगताको प्रकार | अपांगताको प्रकार अनुसार जनसंख्या प्रतिशत | | | कैफियत |
|---|---|---|---|---|
| | कुल जम्मा | पुरुष | महिला | |
| शारीरिक अपाङ्गता | ४१.७ | ४१.५ | ४२.२ | |
| न्यून दृष्टियुक्त | ११.५ | ११.७ | ११.२ | |
| दृष्टिविहीन | ३ | १.९ | ४.५ | |
| बहिरोपन | २०.८ | २१.८ | १९.३ | |
| मनोसामाजिक अपाङ्गता | १.७ | १.३ | २.२ | |
| न्यून श्रवणशक्ति | ७.२ | ८.२ | ५.८ | |
| बहिरोपन एवं दृष्टिविहीन | १.१ | ०.९ | १.३ | |
| मानसिक वा मनोसामाजिक | ४.६ | ३.२ | ६.७ | |
| बौद्धिक अपाङ्गता | ०.६ | ०.६ | ०.४ | |
| अनुवंशीय रक्तश्राव | ० | ० | ० | |
| अटिजम् | ०.७ | ०.६ | ०.९ | |
| बहुअपाङ्गता | ७.१ | ८.२ | ५.४ | |

श्रोत : राष्ट्रिय जनगणना २०७८

# खण्ड २: प्रकोप, संकटासन्नता, क्षमता तथा जोखिम विश्लेषण

## २.१. प्रकोप जोखिम विश्लेषण

अदानचुली गाँउपालिकाको प्रकोप, संकटासन्नता तथा जोखिम विशलेषण गर्न गाउँपालिका स्तरीय विपद् तथा जलवायू उत्थानशिल समिति सदस्यहरु, जनप्रतिनिधिहरुका साथै अन्य सरोकारवालाहरुसंग विपद् जोखिम न्यूनीकरण, जलवायू परिवर्तन, संकटासन्नता तथा क्षमता विश्लेषण सम्बन्धी परामर्श, छलफलका साथै योजना तर्जुमा कार्यशाला गोष्ठी मार्फत यस गाँउपालिकाका ८ वटै वडामा प्रकोप, संकटासन्नता तथा जोखिम विश्लेषण गरिएको छ। गाउँपालिका सवै वडा तथा समुदायमा प्रायगरि सवै प्रकोपहरु मिल्दाजुल्दा छन् तर गाउँपालिको माथिल्लो क्षेत्र तिर जलवायू परिवर्तनको असर बढी छ भने तल्लो भागतिर अर्थात खोलाकिनार तीर खोलाकटानको समस्या बढी देखापरेको छ। यस गाँउपालिकाका ८ वटै वडाहरुमा गरिएको संकटासन्नता तथा क्षमता जोखिम विश्लेषणका औजारहरु (सामाजिक स्रोत नक्सांकन र संकटासन्नता तथा क्षमता पहिचान, समस्याको वृक्ष विश्लेषण, संस्थागत विश्लेषण, लक्षित समुह छलफल, प्रत्यक्ष अवलोकन, भू उपयोग जोखिम विश्लेषण) समेतको प्रयोगबाट गरिएको विश्लेषणको नतिजालाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०: अदानचुली गाउँपालिकाको प्रकोप जोखिम विश्लेषण**

| क्र.सं. | समस्या वा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएको उपायहरु |
|---|---|---|---|---|---|
| १ | भुकम्प | ज्वालामूखि विस्पोटन, भुधरातलिय प्लेटहरु कमजोर हुनु | भौगोलिक बनावट, पृथ्वीको भित्री सतहमा अत्याधिक तापक्रम | जनधनको क्षति, भौतिक संरचना, पशुप्राणी,बाढी पहिरो तथा मानसिक त्रास | सचेतीकरण, पुर्व तयारी, सुरक्षित स्थान पहिचाहन , भुकम्प प्रतिरोधात्मक घरहरु तथा विद्यालय निर्माण, भवन आचारसंहिताको पालना , खुला चौर को व्यवस्थापन |
| २ | बाढी पहिरो | वनविनास, जथाभावी वाटा खन्नु, अनाआवश्यक डोजर तथा स्काभेटरको प्रयोग गर्नु,कमजोर भु.बनावट, भिरालो जमिन, अभिरल वर्षा | वन फणानी मात्र बढ्नु, कमजोर भु वनोट, भिरालो जमिन अभिरल वर्षा, जलवायु परिवर्त, | जनधनको क्षति | अनावश्यक वन फणानी रोक्ने,वृक्षारोपण गर्ने, जनचेतना बढाउने, सुरक्षित स्थानको पहिचान गर्ने,पुर्व तयारीका सामाग्रीहरुको तयारी गर्ने, जथाभावी डोजरको प्रयोग कम गर्ने |
| ३ | खडेरी | समयमा पानी नपर्नु, सुख्खा मौसम हुनु, भिरालो धरातलिय | आगलागी, वन अतिक्रमण तथा | उत्पादनमा कमि खानेपानीको समस्या | बृक्षारोपण गर्ने वनजंगलको संरक्षण गर्ने, |

| क्र.सं. | समस्या वा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएको उपायहरु |
|---|---|---|---|---|---|
| | | अवस्था, मौसममा परिवर्तन | फणानी, तिव्र जनसंख्या वृद्धी मानिसमा चेतनाको अभाव | पानीका मुहानहरु सुक्नु अनावृष्टी | सिचाई योजना संचालन गर्ने, बेमौसमी खेती गर्ने |
| ४ | आगलागी | सुख्खा मौसम, हुरीवतास ,लापरवाही, चेतनाको अभाव, अव्यवस्थित विधुतिकरण, केटा केटीको पहुँचमा आगोजन्य बस्तु राख्नु, घाँसपात, दाउरा आदि गोठ तथा घरको छतमा राख्नु, काठका छाना भएको घर, अव्यवस्थित बस्ती आदि | मानिसको लापरवाही, मौसम परिवर्तन, गरीवी | जनधनको क्षति,वन्य जिवजन्तु तथा पशुप्राणीको क्षति, भौतिक वस्तुको नास, विस्थापित, बसाइसराइ र वनविनास, मानिस हरु घाइते अपाङ्ग, हुने । | आगोजन्य बस्तु राख्न कार्यमा होसियारी, विभिन्न तालिम तथा गोष्ठीबाट दक्ष जनशक्ति तथा जनचेतनामा बृद्धि गर्नु , पुर्व तयारी, पोखरी तथा ट्यांकीको निर्माण, सुरक्षित बसोवासको व्यवस्था, अग्नी रेखाको निर्माण आदि |
| ५ | हिमपात | उच्च हिमाली क्षेत्र हुनु, जलवायू परिवर्तन हुनु | उच्च हिमाली क्षेत्र हुनु | आवतजावत अवरुद्ध, चिसोका कारण मानिसहरु विरामी पर्नु, कठ्याङ्ग्रीनु, पशुवस्तु चरन समस्या हुनु | चिसोबाट बच्न सचेतना फैलाउने, मानिसहरुलाई घरमा न्यानो गरी बस्न लगाउने, तातो तातो र झोलिलो खानेकुरा प्रयोग गर्शुने वास्तुकालागि घाँसपात भण्डारण गर्ने |
| ६ | हिमपहिरो | उच्च हिमाली क्षेत्र हुनु, जलवायू परिवर्तन हुनु | | प्राकृतिक श्रोतको विनास हुनु, नदीको वहाव बढ्नु, जनधनको क्षति हुनु | |
| ७ | हावाहुरी | सुख्खा मौसम हुनु, भिरालो धरातलिय अवस्था, मौसममा परिवर्तन | मौसममा परिवर्तन | घर तथा सार्वजनिक भवनहरुको छाना उडाउनु, जनधनको क्षतिहुनु, अन्नबालीहरु नष्ट हुन , गरीबी बढनु, आगलागी हुनु, | घरको छानाहरु मर्मत तथा बालियो बनाउन वा दह्रो पार्ने, भित्र्याउन लागेको बालीहरु सुरक्षित स्थानमा लाने, हुरीबतास चलेको बेला मानिसहरु सुरीक्षित स्थानमा बस्ने तथा आागो नबाल्ने , यसबाट बच्नकोलागि |

| क्र.सं. | समस्या वा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएको उपायहरु |
|---|---|---|---|---|---|
| | | | | | जनचेतनामुलक कार्यक्रमहरु लागु गर्ने |
| ८ | रोग किराको प्रकोप | खडेरी बर्षै पिच्छे बढ्दै जानु, मौसम परिवर्तन | मौसम परिवर्तन | तरकारी, फलफुल, वाली नाश, कृषि उत्पादनमा ह्रास हुनु, भोकमारी एवं गरिवी बढ्दै जानु | किरा लागेको हाँगाहरु काट्ने, रासायनिक तथा जैविक विषादीको प्रयोग गर्ने |
| ९ | महामारी | खुला ठाउंमा दिसापिसाव, बजारमा नाली फोहोर, फोहोर पिउनेपानी, बासी सडेगलेका खानेकुराहरु खाने, खाना खानु अघि दिसा गरेपछि सावुन पानीले हात नधुनु र वातावरण प्रदुषण | जलवायु तथा मौसम परिवर्तन, विभिन्न सरुवारोग तथा सरसफाइबारे जनचेतनाको अभाव, गरिबी, स्थानिय समुदायको स्वास्थ्य संस्थासम्म सहज पहुँच नहुनु । | मानिस विराम पर्नु तथा मृत्यु हुनु तथा कुपोषण हुन, वातावरण प्रदुषण | विभिन्न सरुवा रोगको वारेमा जनचेतनामुलक गतिविधी अपनाउने , सफा खानेपानी , ताजाखाने कुरा खाने , प्रत्येक घरमा शौचालयको व्यवस्था , औषधीहरुको पुर्व तयारी , स्वस्थ्यकर्मीहरुको उपलव्धता , स्वस्थ्य सम्बधी विभिन्न जनचेतनामुलक रयालीहरु गर्ने र ढल निकासको उचित प्रबन्ध गर्ने । |
| १० | असिना | लामो समयसम्म खडेरी पर्नु, बढि पानी पर्नु | जलवायु परिवर्तन | उत्पादनोमुख खेतीबाली नष्ट, भोकमरी हुन, पशु चौपायाहरुको बिनाश, वन जंगल तथा वन्यजन्तुहरुको विनास, जडिबुटी विनास | पुर्व चेतावनीका संकेतहरु बुझेर काम गर्ने, सुख्खा महिनामा बादल तथा मेघ गर्जन हुदा सतर्कता अपनाउने, बाली पाक्न वित्तिकै स्याहर्ने । |

## २.१.१. भूकम्पिय जोखिम विश्लेषण

नेपाल भुकम्पीय जोखिमका दृष्टिकोणबाट नेपाल ११ औं जोखिममा रहेको छ भने विगतलामो समय देखि नेपालको पश्चिम क्षेत्रमा ठूलो भुइचालो नगएकाले यो गाँउपालिकापनि यस क्षेत्रमा पर्ने भएकाले उच्च

जोखिममा रहेको छ। अदानचुली गाँउपालिका भौगोलिक हिसावले कमजोर र चट्टानि भुभाग रहेको हुनाले भुकम्पिय दृष्टिकोण उच्च जोखिममा रहेको छ ।

## २.१.२. पहिरो जोखिम विश्लेषण

अदानचुली गाँउपालिका पहाडै पहाडले घेरेको र कमजोर भूगोल भएका कारण पहिरोको पनि जोखिममा रहेको छ ।यस गाउँपालिकाका विशेषगरि ५,६,४ र ३ नम्वर वडाहरुका कर्गैई, लिसिया, लौठ र थपालि आदि वस्तिहरु पहिरोको जोखिममा रहेका छन। वडामा संकलन गरिएको सुचनाका आधारमा यस पालिकाका झण्डै ४५० घरपरिवारका करिब २२०० जनसंख्या पहिरोवाट प्रभावित हुन सक्ने अनुमान गरिएको छ। त्यसैगरि ८५० जना बालबालिका पनि प्रभावित हुने देखिन्छ।

## २.१.३. बाढी जोखिम विश्लेषण

गाँउपालिका अधिकांस वस्तीहरु नदि खोलाको नजिकै भएका कारण अत्याधिक वर्षा अर्थात मनसुन भएको बेला यो गाउँपालिका बाढीको उच्च जोखिममा रहेको छ। यस गाउँपालिकाका विशेषगरि १-६ नम्वर वडाहरुका श्रिनगर बजारक्षेत्र, थपाली, कल्खे, लौठि, कर्गैई, काँखे, बारिगाउ, पाल्स आदि वस्तिहरु पहिरोको उच्च जोखिममा रहेका छन। वडामा संकलन गरिएको सुचना का आधारमा यस पालिकाका झण्डै ६५० घरपरिवारका करिब २७५० जनसंख्या पहिरोवाट प्रभावित हुन सक्ने अनुमान गरिएको छ। त्यसैगरि ११०० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

## २.१.४. खडेरी जोखिम विश्लेषण

अदानचुली गाउँपालिका प्रायजसो सुख्खा मौसम हुनु, भिरालो धरातलिय अवस्था, मौसममा परिवर्तन आदिका कारण दिनानुदिन खडेरी हुने क्रम बढिरहेको छ। यस गाउँपालिकाका विशेषगरि १,२ र३ नम्वर वडाहरुका कल्खे, गल्वा, कफाडी आदि वस्तिहरु खडेरीको उच्च जोखिममा रहेका छन।वडामा संकलन गरिएको सुचनाका आधारमा यस पालिकाका झण्डै ६५० घरपरिवारका करिब २५५० जनसंख्या पहिरोवाट प्रभावित हुन सक्ने अनुमान गरिएको छ। त्यसैगरि ९०० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

## २.१.५. रोग किरा प्रकोप जोखिम विश्लेषण

दिनानुदिन मौसममा देखिने परिवर्तनका कारण यस पालिकाको बालीनालीमा नयाँ नयाँ रोग किराहरुको संक्रमण बढिरहेको छ।तरकारी, फलफुल, वाली नाश (खडेरीको कारणले झुसिलकिरा वढेको), गहूँको वाला मुनि कुहिने, स्याउमा लाई लाग्ने, कोदो, कागुनो आदिमा गाँठि किराको प्रकोप दिनदिनै बढेको छ। त्यसैगरि यस पालिकामा सलह किरा, फौजी किरा, शंखे किराजस्ता किराबाट ठुलो संख्यामा बालिनाली नष्ट हुने गरेको छ। यस गाउँपालिकाका विशेषगरि खडेरीग्रस्त १-६ नम्वर वडाहरुका अधिकांस वस्तिहरु रोग किरा प्रकोपको उच्च जोखिममा रहेका छन। यस पालिकाका झण्डै ७५० घरपरिवारका २७५० जनसंख्या

पहिरोवाट प्रभावित हुन सक्ने अनुमान गरिएको छ। त्यसैगरि ११०० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

### २.१.६. आगलागी जोखिम विश्लेषण

जोडिएका घरवस्ती बनौट, घर छत तथा गोठमा घाँस,दाउराजन्य प्रज्वलनशील अर्थात आगो जन्य वस्तुहरु राखें अभास्का साथै बिधुत सर्किट आदिका कारण आगलागीका घटनाहरु भईरहेने हुँदा यस अदानचुली गाउँपालिका आगलागीको उच्च जोखिममा रहेको छ । यस गाउँपालिकाका विशेषगरि १ देखि ६ नम्वर वडाहरुका प्रायःजसो वस्तिहरु आगलागिको जोखिममा रहेका छन। यस गाउँपालिकाका झण्डै १२०० घरपरिवारका ४८०० जनसंख्या आगलागि वाट प्रभावित हुन सक्ने अनुमान गरिएको छ। त्यसैगरि २००० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

### २.१.७. हिमपात जोखिम विश्लेषण

परिवर्तित हुदै गएको जलवायु, उच्च हिमाली भुभागका कारण यो गाउँपालिका हिमपातको पनि अति जोखिममा रहेको छ। यस गाउँपालिकाका ५ र ६ नम्वर वडाहरुका विशेष परे नि सवै वडाहरुमा प्रायःजसो वस्तिहरु हिमपातको जोखिममा रहेको छन्। हिमपातका कारण अधिकांस बस्तीहरु तल्लो क्षेत्रमा वसाई सर्ने गरेका छन भने सो कारण बृद्धबृद्धा, एकल महिला, अपांग, बालबालिकाका साथै अति विपन्न वर्ग समुदायतको जनजीवनमा ठुलो असर पर्ने गरेको छ।हिमापातका कारण त्यस भेगमा बसोबास गर्ने समुदायका सयौ संख्यामा भेडा, बाख्रा, गाई भैसी लगायतका अन्य पशुवस्तु चिसोका साथै हिमपहिरो एवं गोठमा निस्सासिएर मर्ने गरेका छन्।यसबाट ठुलो मात्रामा आर्थिक क्षति पुग्ने गरेको तथ्य माथि उल्लेख गरिएको छ। यस प्रकोपबाट यस गाउँपालिकाका करिब १५०० घरपरिवारका ७००० जनसंख्या हिपपातवाट प्रभावित हुन सक्ने अनुमान गरिएको छ। त्यसैगरि २४०० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

### २.१.८. असिना जोखिम विश्लेषण

यस अदानचुली गाउँपालिकामा असिनाले पनि व्यापक क्षति पुरयाउदै आएको छ। विशेषतः असिनाका कारण हावाहुरीका कारण उत्पादनोमुख खेतीबाली नष्ट, भोकमरी हुन, पशु चौपायाहरुको बिनाश, वन जंगल तथा वन्यजन्तुहरुको विनास, जडिबुटी विनासका साथै भौतिक संरचनाहरुलाई समेत ठुलो क्षती पुरयाएको छ ।यस प्रकोपबाट यस गाउँपालिकाका १ देखि ६ वटै वडाहरु प्रभावित भएका छन। असिना कारण गाउँपालिकाका करिब ८०० घर परिवारका ३२०० जनसंख्या प्रभावित हुन सक्ने देखिन्छ। त्यसैगरि करिब १०५० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

### २.१.९. हिमपहिरो जोखिम विश्लेषण

यस गाउँपालिकाका उच्च भेगमा अत्याधिक हिमपातका कारण उक्त क्षेत्रका डांडा, हिमालमा बाह्रै मास हिउँ जमिरहेको हुन्छ। मौसममा आएको परिवर्तनका कारण विशाल हिमशृंखलामा भएको हिउँ पग्लिदै हिमपहिरो आउने हुँदा त्यस क्षेत्रमा बसोवास गर्ने समुदायका साथै पशुवस्तु एवं जंगली जनावरमा समेत ठुलो असर गरेको छ। यस प्रकोपबाट यस गाउँपालिकाका ५ र ६ नं. वडाहरु प्रभावित भएका छन। यसबाट गाउँपालिकाका करिब ४५० घर परिवारका करिब २००० जनसंख्या प्रभावित हुन सक्ने देखिन्छ। त्यसैगरि ८०० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

### २.१.१०. हावाहुरी जोखिम विश्लेषण

यस अदानचुली गाउँपालिकामा हावाहुरीले पनि क्षति पुरयाउदै आएको छ। हावाहुरीका कारण घर, विद्यालय लगायतका भौतिक संरचनाहरुलाई क्षती पुऱ्याएको पाइन्छ। हावाहुरीले यस गाउँपालिकाका १ देखि ६ वटै वडाहरु प्रभावित भएका छन। हावाहुरीका कारण गाउँपालिकाका करिब ४५० घरपरिवारका २४०० जनसंख्या प्रभावित हुन सक्ने देखिन्छ। त्यसैगरि ६०० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

### २.१.११. महामारी जोखिम विश्लेषण

यस गाउँपालिकामा फैलिने बारम्बार हैजा, झाडापखाला, आउँ, कमलपित्त, श्वासप्रश्वास, भाईरल एन्फ्लुन्जा, रुघा खोकी, कोभिड १९ जस्ता महामारी यस गाउँपालिकामा पनि क्षति पुर्याएको देखिन्छ। बिशेषतः यस किसिमका माहामरीले बालबालिकामा ठुलो असर पुर्याएको तथ्यांक ले पुष्टि गरेको छ। महामारीका कारण गाउँपालिकाका करिब ११०० घरपरिवारका ४५५० जनसंख्या प्रभावित हुन सक्ने देखिन्छ। त्यसैगरि १९५० जना बालबालिका पनि प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

प्राथमिकीकरण गरिएका प्रकोपहरुबाट यस अदानचुली गाउँपालिकाका विभिन्न वडाहरुमा हुन सक्ने जोखिमको नक्शांकन वा विश्लेषण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११: प्राथमिकीकरण गरिएका प्रकोपहरुबाट हुन सक्ने सम्भावित जोखिमको नक्शांकन / विश्लेषण**

| प्रकोप | वडा, समुदायको | सम्भावित जोखिम पर्न सक्ने क्षेत्रको स्थिति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घरधुरी | जनसंख्या | बालबालिका / जेष्ठ नागरिक, महिला | बिधालय / स्वास्थ्य /वडा भवन | जमिन | खानेपानी संरचना | यातायात / सडक | व्यवसाय |
| भूकम्प | **१-६ वडा सबै वस्तीहरु** | २८८२ | ११९३५ | बालबालिकाः | • १-६ वडा नं का १९ वटा सामुदायिक बिधालय भवन<br>• ७.स्वास्थ्य संस्था<br>• १-६ नं. वडाका १२ वटा जोखिम | ..रोपनी खेतीयोग्य | • श्रीनगर बृहत खा.पा. योजाना – वडा नं. १देखि ३ : पुरै स्किम | ...कि.मि. सडक अवरुद्ध वटा काठे पुल... झो.पु. | १०० पसल ५० होटेल |
| पहिरो | **१,२,४,५ र ६ वडाका** कर्गैई, लिसिया, लौठी र थपालि | ३२० | २३०० | बालबालिकाः ८५० | • हिमालचुली आ.वि, ज्ञानोदय मावि र भैरवनाथ स्वास्थ्य क्लिनिक र नारेकोट स्वास्थ्य क्लिनिक | खेतीयोग्य वडा नं. ५ अन्तर्गत स्याउले, उदौनि,गैरा, वडा नं. ४ को लौठी र वडा नं. ३ मा जिउला गरि करिब ३०० रोपनी | • श्रीनगर बृहत खापा, कर्गैई खापा, काँखे खापा, बारिगाउ खापा पाल्स खापा र लौठी खापा | • थपालि रोड, कालागाड र लौठी रोड | १०० पसल ५० होटल |
| बाढी | १ -६ वडाका कालागाड, गल्वा बजार क्षेत्र र थपालि | ६५० | २७५० | बालबालिकाः११०० | • सुफाखेत प्रावि, काँखे प्रावि। छत्रपाल आवि, सुर्योदय मावि | खेतीयोग्य वडा नं. ५ अन्तर्गत स्याउले, उदौनि,गैरा, वडा नं. ४ को लौठी र वडा नं. ३ मा जिउला गरि करिब ३०० रोपनी | • श्रीनगर बृहत खापा, कर्गैई खापा, काँखे खापा, बारिगाउ खापा पाल्स खापा र लौठी खापा | थपालि रोड, कालागाड र लौठी रोड | १०० पसल ५० होटेल |

| प्रकोप | वडा, समुदायको | सम्भावित जोखिम पर्न सक्ने क्षेत्रको स्थिति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घरधुरी | जनसंख्या | बालबालिका / जेष्ठ नागरिक, महिला | बिधालय / स्वास्थ्य /वडा भवन | जमिन | खानेपानी संरचना | यातायात / सडक | व्यवसाय |
| खडेरी | वडा नं. १,२,३ विशेश र ४ देखि ६ सम्म आँसिक | ६५० | २५५० | बालबालिकाः ९०० महिला : जेष्ठ नागरिक : अपांग : | सेवा प्रवाह ( जनशक्ति, क्षमता, खानेपानी , औषधी | **खेतीयोग्य** वडा नं. १देखि ८ का सबै खेतीयोग्य जमिनमा खडेरीले असर गरेको **पशुवस्तु** चरन क्षेत्र सुक्खा, रुघाखोकी, निमोनिया जस्ता रोगको प्रकोप बढेको | श्रीनगर बृहत खापा, कर्गेई खापा, काँखे खापा, बारिगाउ खापा पाल्स खापा र लौठी खापा | १०० पसल ५० होटेल | ..वटा सिमेन्ट कुलो |
| रोग किरा प्रकोप | **१-६ वडा सबै वस्तीहरु** | ७७५० | ७७५० | बालबालिका:११०० महिला : जेष्ठ नागरिक : अपांग : | सेवा प्रवाह ( जनशक्ति, क्षमता, खानेपानी , औषधी | ....रोपनी खेतीपाती नष्ट | फुटेका पाईपलाइन, इन्टेक ढकनी, आर भि. टि. सबै वडा | | |
| आगलागि | **१-६ वडा सबै वस्तीहरु** | १२०० | ४८०० | बालबालिका:२००० | • १-६ वडा नं का १९ वटा सामुदायिक बिधालय भवन<br>• ७.स्वास्थ्य संस्था<br>• १-६ नं. वडाका १२ वटा जोखिम | ..रोपनी खेतीयोग्य | • श्रीनगर वृहत खा.पा. योजाना – वडा नं. १देखि ३ : पुरै स्किम | ...कि.मि. सडक अवरुद्ध वटा काठे पुल... झो.पु. | १०० पसल ५० होटेल |
| हिमपात | **५,६ वडा विशेष गरि र अन्य १ - ४ वडाहरु सबै वस्तीहरु आँसिक** | १५०० | ६५०० | बालबालिका:२५०० | • १ देखि ६ नं. वडा का सबै बिधालय<br>• १ देखि ६ नं. वडाका सबै स्वास्थ्य संस्थाहरु | खेतीयोग्य **पशुवस्तु** चरण क्षेत्र बन्द, घासपात अभाव | • श्रीनगर वृहत खा.पा. योजाना – वडा नं. १देखि ३ : पुरै स्किम | ...कि.मि. सडक अवरुद्ध<br>• वटा काठे पुल... झो.पु. | १०० पसल ५० होटेल |
| असिना | **१-६ वडा सबै वस्तीहरु** | ८०० | ३२०० | बालबालिका:१०५० महिला : | | **खेतीयोग्य** | | ...कि.मि. सडक अवरुद्ध | १०० पसल ५० होटेल |

| प्रकोप | वडा, समुदायको | सम्भावित जोखिम पर्न सक्ने क्षेत्रको स्थिति | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घरधुरी | जनसंख्या | बालबालिका / जेष्ठ नागरिक, महिला | बिधालय / स्वास्थ्य /वडा भवन | जमिन | खानेपानी संरचना | यातायात / सडक | व्यवसाय |
| | | | | जेष्ठ नागरिक :<br>अपांग : | | | | वटा काठे पुल... झो.पु. | |
| हिमपहिरो | **५,६ वडा विशेष गरि र अन्य १ - ४ वडाहरु सबै वस्तीहरु आँसिक** | १५०० | ६५०० | बालबालिका:२५०० | • १ देखि ६ नं. वडा का सबै बिधालय<br>• १ देखि ६ नं. वडाका सबै स्वास्थ्य संस्थाहरु | खेतीयोग्य<br>**पशुवस्तु**<br>चरण क्षेत्र बन्द, घासपात अभाव | • श्रीनगर वृहत खा.पा. योजाना – वडा नं. १देखि ३ : पुरै स्किम | ...कि.मि. सडक अवरुद्ध<br>• वटा काठे पुल... झो.पु. | १०० पसल<br>५० होटेल |
| हावाहुरी | **१-६ वडा सबै वस्तीहरु** | ४५० | २४०० | बालबालिका:२५०० | • १ देखि ६ नं. वडा का सबै बिधालय<br>• १ देखि ६ नं. वडाका सबै स्वास्थ्य संस्थाहरु | खेतीयोग्य<br>**पशुवस्तु**<br>चरण क्षेत्र बन्द, घासपात अभाव | • श्रीनगर वृहत खा.पा. योजाना – वडा नं. १देखि ३ : पुरै स्किम | ...कि.मि. सडक अवरुद्ध<br>वटा काठे पुल... झो.पु. | १०० पसल<br>५० होटेल |
| महामारी | १ देखि ६ वडाका सबै वस्तीहरु | ११०० | ४५५० | बालबालिका:२५०० | • १ देखि ६ नं. वडा का सबै बिधालय<br>• १ देखि ६ नं. वडाका सबै स्वास्थ्य संस्थाहरु<br>• | खेतीयोग्य<br>**पशुवस्तु**<br>चरण क्षेत्र बन्द, घासपात अभाव | • श्रीनगर वृहत खा.पा. योजाना – वडा नं. १देखि ३ : पुरै स्किम | ...कि.मि. सडक अवरुद्ध<br>वटा काठे पुल... झो.पु. | १०० पसल<br>५० होटेल |

## २.२. प्रकोपको पहिचान तथा स्तरीकरण

अदानचुली गाउँपालिकाको विपदबाट प्रभावित जनसंख्या तथा धनजनको क्षतिको विवरण सम्बन्धि सुचनाको संकलन एवं विश्लेषण यस गाउँपालिका अन्तर्गत विपद् ब्यवस्थापन समिति, विपद् व्यवस्थापन उप समिति तथा सम्बन्धित बिषयगत शाखाहरु संग प्रत्यक्ष परामर्श एवं छलफल गरि संकलन गरिएको छ। त्यसैगरि यस गाउँपालिका बार्षिक प्रतिवेदन, आवधिक गाउँ विकास योजना, क्षेत्रगत प्रतिवेदन एवं योजना आदि दस्ताबेजहरुको अध्ययन गरि आवश्यक सूचना साभार गरिएको छ।

गाउँपालिकाको प्रकोप, संकटासन्नता तथा जोखिम विशलेषण गर्दा यस गाउँपालिकाका ६ वटै वडाहरुका प्राय:जसो वस्तीहरुमा सवै प्रकोपहरु मिल्दाजुल्दा छन्। वडा जनप्रतिनिधि तथा समुदाय संगको छलफल तथा परामर्श मार्फत वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषण गर्दै सोको आधारमा वडाको जोखिम नक्सांकनको गरिएको छ। यसै आधारमा ६ वटै वडामा सहभागितामुलक प्रकोप स्तरिकरण गर्दा वडागत रुपमा फरक फरक रुपमा प्रकोप देखिन गएका छन। गाउँपालिकाको प्रकोपको तुलनात्मक विश्लेषण गर्दा पहिरो प्रमुख प्रकोपका रुपमा देखा परेको छ। प्रकोपको दोश्रो स्थानमा बाढी देखिन्छ । यस अदानचुली गाउँपालिका वडाहरुमा गरिएको विपद् जोखिम नक्साङ्कन तथा समुह छलफलबाट प्राप्त सूचनाका आधारमा गाउँपालिकाभित्रका प्रकोपहरु र तिनिहरुको स्तरिकरण निम्न बमोजिम रहेको छ ।

**तालिका नं. १२: अदानचुली गाउँपालिकाको प्रकोप स्तरीकरण**

| प्रकोप | पहिरो | बाढी | खडेरी | आगलागि | हावाहुरी | असिना | हिमपात | हिमपहिरो | रोग किराको प्रकोप |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| बाढी | | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| खडेरी | | | | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी | खडेरी |
| आगलागी | | | | | आगलागी | आगलागी | हिमपात | आगलागी | रोग किराको प्रकोप |
| हावाहुरी | | | | | | हावाहुरी | हिमपात | हावाहुरी | रोग किराको प्रकोप |
| असिना | | | | | | | असिना | असिना | रोग किराको प्रकोप |
| हिमपात | | | | | | | | हिमपात | रोग किराको प्रकोप |
| हिमपहिरो | | | | | | | | | रोग किराको प्रकोप |
| रोग किराको प्रकोप | | | | | | | | | |
| जम्मा | ९ | ८ | ७ | ४ | ३ | २ | १ | ० | ५ |
| स्तर | १ | २ | ३ | ५ | ६ | ७ | ८ | ९ | ४ |

**तालिका नं. १३ : अदानचुली गाउँपालिकाको वडा अनुसार प्रकोप स्तरीकरण**

| वडा नं | पहिरो | बाढी | खडेरी | आगलागि | हावाहुरी | असिना | हिमपात | हिमपहिरो | रोग किराको प्रकोप | महामारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | ४ | ४ | | २ | २ | १ | | ३ | |

| वडा नं | पहिरो | बाढी | खडेरी | आगलागि | हावाहुरी | असिना | हिमपात | हिमपहिरो | रोग किराको प्रकोप | महामारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | १ | २ | ४ | | ३ | ३ | २ | | २ | |
| ३ | २ | २ | ३ | २ | २ | २ | | | ३ | ३ |
| ४ | २ | ३ | ३ | १ | | | ३ | | ३ | २ |
| ५ | २ | २ | ३ | २ | २ | | | | ३ | |
| ६ | ३ | | ३ | २ | | २ | २ | | | २ |

१: न्यून  २: मध्यम ३: उच्च  ४: सबैभन्दा उच्च

## २.३. वडाहरुको संकटासन्न अवस्था स्तरीकरण

यस अदानचुली गाउँपालिकामा वडागत संकटासन्नता स्तरीकरण जोडागत स्तरीकरणको आधारमा गरिएको थियो। यस विधि अन्तर्गत गाउँपालिका अन्तर्गतका वडाहरुबीच प्रकोप तथा जोखिमको आधारमा तुलना गर्दा सबैभन्दा जोखिममा रहेको वडाहरुको निर्धारण गरिएको थियो। साथसाथै गाउँपालिका भित्र रहेका वडाहरुको जोखिमको अबस्था बिश्लेषण गरिएको थियो।यस विधि अपनाउँदा आधार मानिएका सुचकहरु जलवायुजन्य प्रकोपहरु, बजार व्यवस्थापन, बाटोघाटोको पहुँच (कालो पत्रे , हुलाकी , कच्ची), सिचाई तथा खानेपानी जस्ता पूर्वाधारहरु, मानवीय दक्ष जनशक्ति, उच्च शिक्षा संस्थाहरु, सरकारी सेवाबाट बन्चितिकरण, आयश्रोत, सामुदायिक भवन, सरकारी कार्यलय, खानेपानी सेवा तथा संचार माध्यम जस्ता सुचकहरुको विश्लेषण गर्दै सहभागीहरुबीच छलफलको माध्यमबाट वडाहरुको स्तरीकरण गरिएको थियो। गाउँपालिकाका राजनैतिक दल, बुद्धिजीवि, सबै वडा प्रतिनिधिहरु, पिछडिएका वर्ग, विभिन्न जातजातिका प्रतिनिधिहरु आदि सम्पूर्णको सहभागीतामा विश्लेषण गरिएको थियो । भेलामा जोडा स्तरिकरण विधि मार्फत विपद तथा जलवायु परिवर्तनका असरहरुको सम्वेदनशीलता, सम्मुखता र अनुकूलन क्षमतामा आधारित रहि विभिन्न जोखिम र अनुकूलित हुने क्षमताको सहभागितात्मक रुपमा लेखाजोखा गर्दै स्तरिकरण गरिएको छ ।

**तालिका नं. १४ : प्रकोप तथा जोखिमको आधारमा वडा स्तरीकरण**

| वडा | १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| १ | | २ | १ | १ | ५ | १ |
| २ | | | २ | २ | ५ | २ |
| ३ | | | | ३ | ५ | ३ |
| ४ | | | | | ५ | ४ |
| ५ | | | | | | ५ |
| ६ | | | | | | |
| जम्मा | ३ | ४ | १ | १ | ५ | ० |
| स्तर | ३ | २ | ४ | ४ | १ | ५ |

पालिका स्तरीय छलफल अनुसार जोडागत स्तरीकरण गरी वडा संकटासन्न मापन गार्दा माथिको तालिकामा प्रस्तुत गरिए बमोजिम वडा नं. ५ अति उच्च संकटासन्न रहेको छ भने भने वडा नं. ६ न्यून संकटासन्न रहेको छ। त्यसैगरि उच्च संकटासन्न देखी न्यून संकटासन्न वडा मापन गर्दा क्रमशः वडा ५,२,३,४,१ र६ रहेका छन्। तुलनात्मक रुपमा वडाहरुलाई अति उच्च, उच्च र मध्यम संकटासन्नमा स्तरीकरण गरीएको छ । यस सम्बन्धि तालिका तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५ : वडा अनुसार प्रकोप जोखिम तथा संकटासन्नता स्तरीकरण र कारण**

| वडा नं | संकटासन्नता स्तरीकरण | कारण |
|---|---|---|
| **वडा न ५** | अति उच्च संकटासन्नता | बाक्लो तथा अव्यवस्थीत बस्ती, पहिरो बाढी आदिको समस्या, जोडिएको |
| **वडा नं २,३,१ र ४** | उच्च संकटासन्नता | पहिरो, वनडढेलोको समस्या, सदरमुकामसँग नजीक, वडा नं. ४ को लौठी वस्ती पहिरोको जोखिमा भइ स्थानतरण गर्नु पर्ने |
| **वडा नं ६** | मध्यम संकटासन्नता | विकासको काम बढी भएको, मानवीय श्रोतमा धनी, वस्तीमा पहिरोको जोखिम |

## २.४. प्रकोप नक्सांकन

यस गाउँपालिका संकटासन्नता तथा जोखिम विश्लेषणका औजारहरुको प्रयोग गरी जोखिमको अवस्था विश्लेषण गर्ने प्रयास गरीएको छ। प्रकोप नक्सांकन कार्य प्रत्येक वडाहरुमा गरी सामुदायको सहभागीतामा सामाजिका स्रोत नक्सा तयार गरी जोखिम, संकटासन्नता तथा क्षमता र सुरक्षित स्थानको छनौट गरीएको छ ।

## २.५. विपदको ऐतिहासिक समयरेखा

यस पालिकाका बिभिन्न क्षेत्र तथा समुदायमा विगत कालखण्डमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने तथ्य प्राप्त गर्न यस गाउँपालिकाका प्रत्येक वडाका समुदायका भद्रभलादमी, बयोबृद्ध जानमान, बिषय बिज्ञका साथै समुदायको सहभागितामा छलफल तथा परामर्शको माध्ययमबाट विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको हो। यस विधिबाट यस गाउँपालिकामा प्रकोपका असरहरुको लेखाजोखा गरिएको थियो र उल्लेखित क्षेत्रमा कुन कुन समयमा कस्ता कस्ता प्रकोप तथा घटनाहरु घटे ? ति घटनाहरुको के कस्तो प्रभाव रह्यो ? ससमुदायले त्यस घटनासँग जुध्नका लागि के कस्ता उपायहरु अपनाए ? र उक्त परिस्थितिमा विभिन्न संघ संस्था र सरकारी निकायहरुबाट पाएको सहयोगको बारेमा छलफल गरिएको थियो। यसका साथै उक्त प्रकोप तथा घटनाहरु र तिनका असर तथा प्रभावहरुको भविष्यमा दोहोरिन सक्ने सम्भावना तथा

त्यसको परिदृष्य कस्तो हुन सक्छ भन्ने विषयमा छलफल गरिएको थियो। यसबाट प्राप्त सूचनाका आधारमा विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा गरिएको छ । यसमा विशेषतः विपदको विगत ३० वर्षको ऐतिहासिक समय रेखातयार पारिएको बिगतमा आएको बिभिन्न विपदका कारण जनधन दुवैको व्यापक क्षति पुरयाएको देखिन्छ ।यस गाउँपालिकाको विस्तृत विपदको ऐतिहाँसिक समय रेखा निम्नानुसार रहेकोछ ।

**तालिका नं. १६ : अदानचुली गाउँपालिकाको विपदको ऐतिहाँसिक समय रेखा**

| विपद् | घटनाको वर्ष | प्रभावित क्षेत्र वा स्थान | विषय क्षेत्रमा परेको प्रभाव | मानवीय क्षति | आर्थिक क्षति |
|---|---|---|---|---|---|
| भूकम्प | २०७२ | सम्पूर्ण वडाहरुमा सामान्य प्रभाव | - ५० वटा घर चर्किएको | | ५० लाख |
| पहिरो | २०४२, २०४६, २०४८, २०५०, २०५२, २०५४, २०५५, २०५७, २०६१, २०६६, २०६८, २०६९, २०७०, २०७१, २०७२, २०७३, २०७४, २०७५, २०७६, २०७७, २०७८ | वडा नं १,-६ वडा | | | २ करोड |
| बाढी | २०४७ २०६१ २०७२ २०७७ | १ देखि ६ नं वडा | वडा नं. २ मा वोट विरुवा बगाएको, खेती योग्य जमिन खेती सहित (२०।२५) हलको जमिन बगाएको, २ घर बगाउदा २ लाख जतिको क्षेति भएको, ६ वटा घट्ट बगाएको, १ वटा काठे पुलबगाएको वडा ६ मा घरमा पानी पस्ने वडा ८ मा २०७२ को बाढीले ४ वटा घर र १ पुल बगाएको, २०७७ को घट | ० | १.५० करोड |

| विपद् | घटनाको वर्ष | प्रभावित क्षेत्र वा स्थान | विषय क्षेत्रमा परेको प्रभाव | मानवीय क्षति | आर्थिक क्षति |
|---|---|---|---|---|---|
| खडेरी | २०३२, २०४० २०४७ २०५४, २०५८, २०६१ २०६७, २०६८, २०७०, २०७१, २०७२, २०७३, २०७४, २०६८ देखि नियमित | वडा नं १- ६ | खाद्यान्नको अभाव, अन्नबाली सुकेको, पशुहरुलाई घांसको कमी, मुलहरु सुकेर खानेपानीमा समस्या वडा १ २०७९ मा खडेरीले गर्दा खेतमा केही बालीनाली जस्तै चिनो, कोदो, सिमी नभएको वडानं.३ मा फापर, आलु उत्पादनमा कमी घाँसे मैदानमा किराको प्रकोप गहूँ खेती डढेर विउ जोगाउन मुस्किल वडा नं. ४ मा ५०( ६० कुईन्टल वाली (गहूँ, फापर, उना, चिनो) सखाप पारेको, पानीको मुहान सुकेको, महिलाहरुलाई कार्यबोझ (खेतको जमिन साह्रो भएर काम गर्न गाह्रो, पानी लिन टाढा जानु पर्ने, दुधे दह सुक्दै गएको (तालको आकार घट्दै गएको), उवा, कोदो खेतीमा ह्रास आएको, नयाँ रोग देखा परेको, घाँस दाउरामा कमि भएको, रुख सुकेको वडा ५ मा २०७९ सालमा चैत्र देखि जेष्ठ सम्म पानी नपरेको हुनाले जौ, गहुँ उत्पादनमा करीब ८० प्रतीशत कम भएको स्याउमा किरा लागेको तथा सिमि, कोदोको उत्पादनमा कमी | ० | १-२ करोड बराबरको अन्नबाली नष्ट |
| आगलागी | २०४२, २०४३, २०४९, २०५०, २०५१, २०५३, २०५४, २०५५, २०५८, २०६२, २०६३, २०६५, २०६६, २०६९, २०७०, २०७१, २०७३, २०७४, २०७५ २०७६ २०७८ २०७९ | सबै वडा | वडा नं. १ मा ९ घर पुर्ण रुपमा जलेको, २ बाखा जलेको, २०७५ घरमा आगलागी भएको, गाईवस्तु, घारहरु, मालसमान नष्ट, १ जनाको मृत्यु, २०७६ मा मानवीय घाइते, २०७८ मा अन्न, कपडा समेत जलेर १ लाख ५० हजार जति क्षती भएको, आगो लागेर रुखहरु सुकेको, चराहरु मरेको, बोटबिरुवाको नोक्सानी भएको | ० | ५ करोड |
| हावाहुरी | २०४९, २०५६, २०६४, | सबै वडा | वडा नं. १ देखि ६ घरको छाना उडाएको, १ विद्यालयको छाना उडाएको | ० | ५५ लाख |

| विपद् | घटनाको वर्ष | प्रभावित क्षेत्र वा स्थान | विषय क्षेत्रमा परेको प्रभाव | मानवीय क्षति | आर्थिक क्षति |
|---|---|---|---|---|---|
| | २०६९,२०७२, २०७४ र २०७८ | | मा माडु उडाएको, छाना उडाएको, २०७८ मा फुल उडाएर स्याउ, चुली, आरु, ओखरको उत्पादनमा स्कुल छाना उडाएको, रुखहरु ढलेको | | |
| असिना | २०४५ ,२०४९ , ,२०५१ ,२०५० ,२०५७ ,२०५२ ,२०६१ ,२०५९ २०६८ ,२०६६ २०७३ २०७४ २०७५ | सबै वडा | वडा नं. १ मा फलफुल र अन्नबाली सबै नष्ट भएको<br>वडा नं. २ मा खेतीलाई (गहुँ, जौ, उवा) लाई असर गरेको, पशु चौपायलाई गौचरणमा समस्या<br>वडा नं. ३ मा असिनाले ४०— ५० गाई तथा घोडा मरेको, अन्न उत्पादनमा ८० प्रतिशतले गिरावट<br>वडा ४ स्याउको फूल झार्ने<br>वडा नं ६ मा घोडा चौपायाको मृत्यु | ० | ५ करोड |
| हिमपात | २०३५ २०४५ २०४८ २०५८ २०६३ २०६८ २०७६ २०७८ | सबै वडा | | | ५ करोड |
| हिम पहिरो | २०७० २०७५ | वडा नं १ ,४ , र८ | १२ घट्ट पुर्ण क्षति, १०-१२ काठे पुल भत्केका, जंगल खोला कटान | २ | ६५ लाख |
| किटजन्य प्रकोप (सलह किरा, फौजी किरा, शंखे किरा) | २०६८ देखि हाल सम्म | सबै वडा | ८० देखि ९० टन सम्म खेतीपाती नष्ट भएको<br>वडा नं १ मा कालो किराले सिमि, गोबी, साग, चिनो खाने,<br>वडा नं. ४ मा तरकारी, फलफुल, वाली नाश (खडेरीको कारणले झुसिलकिरा वढेको), गहूँको वाला मुनि कुहिने, स्याउमा लाई लाग्ने, कोदो, कागुनो आदिमा गाँठे किराको प्रकोप, तिन वर्ष यता स्याउमा झाली किराले सास्या पारेको<br>वडा नं. ५ मा तरकारी, फलफुल उत्पादन कमी जालिवाला किराले स्याउ त्पादनमा ह्रास, अन्नवालीमा ह्रास, भण्डारण गरेको वालीमा घुन लाग्न थालेको | ० | ३० लाख |

| विपद् | घटनाको वर्ष | प्रभावित क्षेत्र वा स्थान | विषय क्षेत्रमा परेको प्रभाव | मानवीय क्षति | आर्थिक क्षति |
|---|---|---|---|---|---|
| झाडापखाला /महामारी | २०४७, २०५५ २०५९, २०५७, २०६४, २०६५, २०७१, २०७३, २०७४ २०७८ | सबै वडा मा | वडा नं. ६ मा लमहिमा ५ जनाको झाडापखालाबाट मृत्यु भएको<br>अन्य, स्वास्थ्य उपचारमा र औषधिमा समस्या | १६ | ६५ लाख |
| कोभिड | २०७७ साल देखि हाल सम्म | सबै वडा | - संक्रमण, मृत्यु<br>- मनोवैज्ञानिक प्रभाव<br>- आर्थिक क्षेत्रमा प्रभाव<br>- शैक्षिक क्षेत्रमा प्रभाव<br>- श्वास प्रश्वासमा समस्या<br>- लान्छना तथा भेदभाव | ३ | |
| असिना | २०४५, २०४९, २०५०, २०५१, २०५२, २०५७, २०५९, २०६१, २०६६, २०६८, २०७३ २०७४ २०७५ | सबै वडा | फलफुल र अन्नबाली सबै नष्ट भएको खेतीलाई (गहुँ, जौ, उवा) लाई असर गरेको, पशु चौपायलाई गौचरणमा समस्या असिनाले | | २५ लाख |
| चटयाङ | २०७४ २०७५ २०७८ २०७९ | | खासै ठुलो क्षेति नगरेको | | |
| नदि कटान | २०७८ | १-३ नं. वडा | कर्णाली नदी छेउमा रहेका तुम्च मकै गल्फागाड जस्ता समुदायको खेतीयोग्य जमीन कटान गरी करोडौंको क्षति भएको मा २०७८ मा १०० रोपनी खेती योग्य जमीन कटान गरेका | | १ करोड |
| बन्यजन्तुको असर | केहि बर्ष यताबाट देखिएको | | दुम्सीले आलु, उवा, भटमासलाई असर गरेको र बाँदर, गुनीलले स्याउ, आलु, मकै, काँक्रोमा असर गरेको | | १५ लाख |
| अत्याधिक वर्षा | २०७४ २०७५, २०७८ | ३, ५, ६ नं. वडा | बालिनालि नोक्शान | | ५० लाख |

## २.६. प्रकोप, मौसमी र बाली पात्रो विश्लेषण

गर्न प्रत्येक वडाका जेष्ठ नागरिक, भद्रभलादमी, बुद्धिजिवीका साथै यस क्षेत्रमा लामो समय संलग्न अर्थात् अनुभव प्राप्त भुक्तभोगी व्यक्तित्वहरुसंग प्रत्यक्ष छलफल तथा परामर्शका साथै अन्य द्धितीय श्रोतबाट संकलन

गरिएको सूचनाका आधारमा विश्लेषण गरि यस गाउँपालिकाको प्रकोप, मौसमी र बाली पात्रो तयार गरिएको छ। तलको तालिका बमोजिम प्रकोप, मौसमी र बाली पात्रोको विश्लेषण गर्दा पहिले भन्नाले करिव ३० वर्ष अघिको र अहिले भन्नाले ३० साल पछि परिमार्जन गर्ने मितिसम्मको समयलाई जनाँउदछ।

### २.६.१. प्रकोप पात्रो

प्रकोप पात्रो विश्लेषणले प्रकोपको मौसमी प्रकृति अनुसार पूर्वतयारीको लागि कुन समयमा केन्द्रित हुने र प्रतिकार्यको लागि कुन समयमा तत्पर रहने भन्ने योजना तयार गर्न मद्दत गर्दछ। अदानचुली गाउँपालिकाको सन्दर्भमा प्रकोप पात्रो लेखाजोखा गर्दा विशेषत: असारदेखि असोजसम्मको समयमा बढी विपद्का घटनाहरू हुन सक्ने समय हो। यो समयमा सबैभन्दा बढी बाढी पहिरो तथा डुवानका घटनाहरू हुने गरेका छन् । महामारी र भूकम्प जुनसुकै बेला पनि हुन सक्छ। हिउँदको समय सुख्खा हुने तथा फागुन चैतमा हावाहुरी पनि बढ्ने हुँदा आगलागीका घटना पनि बढ्छन्। यस अदानचुली गाउँपालिकाको प्रकोप पात्रो निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७: अदानचुली गाउँपालिकाको प्रकोप पात्रो**

| प्रकोप / महिना | ३० वर्ष | बैशाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मङ्सिर | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| बाढी | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| रोगकिरा को प्रकोप | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| हावाहुरी | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| हिमपात | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| हिमपहिरो | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |

| प्रकोप / महिना | ३० बर्ष | बैशाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मङ्सिर | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **महामारी** | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| **टाइफाइड** | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |

## २.६.२. मौसमी पात्रो

यस अदानचुली गाउँपालिकाको स्थानिय मौसम र मौसमी अवस्थामा आएको परिवर्तन बारे जानकारी हासिल गर्न मौसमी पात्रो विधिको प्रयोग गरिएको थियो। समुदायको ज्येष्ठ नागरिक, बुद्धिजिवीहरुसंग छलफल एवं परामर्शबाट भएको जलवायु सम्बन्धी जानकारी विवरणका आधारमा मौसम र महिनामा आधारित मौसमी पात्रो तयार गरिएको छ। मौसमी पात्रो सम्बन्धि जानकारी हासिल गर्न बिगतको करिब ३० वर्ष पहिले र हालको प्रकोपहरुको बारे तुलनात्मक अध्ययन गरी प्रकोप हुने समयमा परिवर्तन आएको वा नआएको प्रस्ट समुदायमा देखिएको थियो। यसमा विशेषगरि विभिन्न सम्मुखाताका क्षेत्रहरु जस्तै तापक्रमको प्रवृति, बर्षा तथा त्यसको स्वरूप, वोट विरुवा तथा वनस्पतिहरुको व्यवहार, प्रकोप स्थिति, जीविकोपार्जनका गतिविधि तथा भौतिक जानकारी आदिका बारेमा लेखाजोखा गरिएको छ। अदानचुली गाउँपालिका तयार पारिएको मौसमी पात्रो तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १८: अदानचुली गाउँपालिकाको मौसमी पात्रो**

| सम्मुखताको | सूचकहरु | समय | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| तापक्रम | गर्मिको दिन | पहिले | | | | | | | | | | | | | गर्मि हुने समय ३ महिनाले बढेको र अत्याधिक गर्मि हुने समय उस्तै रहेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | जाडोको दिन | पहिले | | | | | | | | | | | | | जाडोका दिन २ महिनाले घटेको साथै अत्याधिक जाडो हुने समय पनि १ महिनाले घटेको |
| | | अहिले | | | | | | | | | | | | | |
| वर्षा तथा यसको | मौसमी वर्षा | पहिले | | | | | | | | | | | | | बर्षे बर्षा १ महिनाले घटेर, १ महिनाले पछाडी सरेको साथसाथै हाल पहिलेको जस्तो |
| | | अहिले | | | | | | | | | | | | | |

| सम्मुखताको | सूचकहरु | समय | वैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | अत्याधिक वर्षा हुने नगरेको |
| | हिउँदे वर्षा | पहिले | | | | | | | | | | | | | पहिले हिउदमा वर्षा नहुने तर हाल हिउ पर्न कमी भई वर्षा हुने गरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | हिमपात | पहिले | | | | | | | | | | | | | अहिले हिउकम पर्न थालेको साथै उिउ पर्ने समयमा पनि २ महिनाले कमी आएको र अत्याधिक हिउ पर्ने समय पनि १ महिनाले घटेको । |
| | | अहिले | | | | | | | | | | | | | |
| | तुसारो | पहिले | | | | | | | | | | | | | पहिलेको भन्दा अहिले तुषारो पर्ने समय १ महिनाले घटेको |
| | | अहिले | | | | | | | | | | | | | |
| बिरुवाको व्यवहार | फुल फुल्ने | पहिले | | | | | | | | | | | | | रैथाने स्याउको बिरुवाको व्यवहार हेरिएको, जस अनुसार फल र फुललाग्ने समय १ महिनाले अघि सरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | फल फल्ने | पहिले | | | | | | | | | | | | | रैथाने स्याउको बिरुवाको व्यवहार हेरिएको, जस अनुसार फल र फुल लाग्ने समय १ महिनाले अघि सरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| प्रकोपको स्वरुप | खडेरीको घटना | पहिले | | | | | | | | | | | | | पहिले खडेरीको समस्या थिएन तर हाल आएर खडेरीको समस्या देखिएको |
| | | अहिले | | | | | | | | | | | | | |
| | बाढी र | पहिले | | | | | | | | | | | | | वर्षा हुने समयको परिवर्तन सँगै बाढी |

| सम्मुखताको | सूचकहरु | समय | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन (घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अहिले | | | | | | | | | | | | | पहिरोको घटना क्रम पनि पछि सरेको |
| जीविकोपार्जनका क्रियाकलापहरु | फापर छर्ने र) | पहिले | | | | | | | | | | | | | फापर पहिले जेष्ठमा छर्ने र कार्तिकमा भित्र्याउने गरेकोमा हाल असारमा छरी असोजमै भित्र्याउने गरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | जौ छर्ने र भित्र्याउने) | पहिले | | | | | | | | | | | | | जौ पहिले मंसिरमा छरी जेष्ठमा भित्र्याइन्थ्यो भने हाल कार्तिक मंसिर तिर छरी जेष्ठमै भित्र्याउने गरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| भौतिक जानकारी | पानीको मुलफुट्ने | पहिले | | | | | | | | | | | | | पहिले हिउँ प्रशस्त मात्रामा पर्ने भएकोले हिउँदे मुलहरु चैत्र र बैशाखमा फुट्ने र बर्षे मुलहरु असार र श्रावणमा फुट्ने गरेकोमा हाल हिउ कम पर्ने कारण हिउँदे मुल नफुट्ने र बर्षे मुल मात्र फुट्ने गरेको |
| | | अहिले | | | | | | | | | | | | | |

माथिको तालिकामा ऋतुगत वर्षामा आएको परिवर्तन र तापक्रमको अनियमितताले कृषिजन्य क्रियाकलापमा जस्तै बाली रोप्ने, बाली भित्राउने र उत्पादनमा कमी, जाडो दिनमा अत्यधिक जाडोले निमोनिया हुने, गर्मी बढेसँगै झाडापखाला, चर्मरोग देखिने क्रम वृद्धि भएको, पशु रोग र किराको प्रकोप बढेको, खडेरीले आगलागी बढेको स्थानीय स्तरमा पाइएको छ ।

### २.६.३. बाली पात्रो

बाली पात्रो विधि यस गाउँपालिकाको बालीमा जलवायु परिवर्तनको असरको स्तर विश्लेषण गर्न प्रयोग गरिएको छ। यस विधिमा पहिले र अहिलेको बाली लगाउने तथा काट्ने एवं भित्राउने समयमा आएको परिवर्तनबारे

सहभागितामूलक छलफलका साथै यस क्षेत्रका बिज्ञ, भद्रभलादमी तथा जेष्ठ नागरिकसंग परामर्श एवं छलफलका माध्यमबाट प्राप्त सुचनाको आधारमा विश्लेषण गरिएको छ। अदानचुली गाउँपालिका तयार पारिएको बाली पात्रो तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिकाःनं. १९: अदानचुली गाउँपालिकाको परिवर्तित बाली तथा वनस्पती पात्रो**

| विवरण | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धानको वीउ लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| धान काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै भित्रयाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कोदो रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कोदो काट्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| विरूवाम ाफललाग्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आलु रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आलु खन्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सिमि छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सिमि भित्रयाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

## २.७. सामाजिक संकटासन्नता विश्लेषण

विपद तथा जलवायुजन्य समस्याबाट बिभिन्न सामाजिक समुह, वर्ग र सुमुदाय्का मानिसहरुलाई असर गर्दछ ।विपद तथा जलवायुजन्य समस्याबाट बालबालिका, महिला, एकल महिला, गर्भवती र शिशुलाई दुध खुवाउदै गरेका महिला, जेष्ठ नागरिक, बृद्धबृद्धा, अपांगता भएका व्यक्ति, दीर्घ रोगी भएका व्यक्ति आदिका साथै सामजिक रुपमा बन्चितिकरणमा परेका दलित आदि समुदाय समेत सबैभन्दा बढि प्रभावित हुने गरेका छन् ।तसर्थ विपद् न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य सञ्चालन र मानवीय सहायताका साथै जलवाय अनुकुलन सम्बन्धि कार्य गर्द माथि उल्लेखित जोखिममा रहेका सामाजिक समुहहरूको फरक आवश्यकता र उनीहरुको संरक्षणलाई प्राथमिकतामा राखेर सोहि अनुरुप योजना निर्माण गरि कार्यन्वयन गर्न सामजिक संकटासन्नता विश्लेषण गरिएको छ। यस अदानचुली गाउँपालिकामा २.३१ प्रतिशत जनसङ्ख्या १ वर्ष मुनिको छ । १०.९७ प्रतिशत जनसङ्ख्या ५ वर्ष मुनिको छ । अपेक्षित गर्भवतीको सङ्ख्या ३.०५ प्रतिशत छ। ३०.४५ प्रतिशत जनसङ्ख्या १५ वर्ष मुनिको छ। ८.६६ प्रतिशत जनसङ्ख्या ६५ वर्ष माथिको छ ।अपाङ्गता भएको जनसङ्ख्या १.५९ प्रतिशत र दिर्घरोगीको जनसङ्ख्या १.९२ प्रतिशत रहेको छ ।[3] यस मध्ये यस गाउँपालिकाको प्रकोपका दृष्टिकोणले सामाजिक संकटासन्नता विश्लेषण अर्थात संवेदनशिल समूह सम्बन्धि विश्लेषणको तलको तालिकामा प्रस्तुत गरिएको छ। वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, दीर्घरोगी, बालबालिका, गर्भवती तथा दुध खुवाउने आमा उमेर वा स्वास्थ्य एवम् शारिरिक संवेदनशीलताका कारण यी सामजिक समुहमा रहेका वर्ग, समुदाय विपद् एवं महामारीजन्य प्रकोपको बढी जोखिममा हुने गर्दछन।

**तालिका नं. २०: अदानचुली गाउँपालिकाको संवेदनशील एवम् जोखिममा रहेको समूह वडागत जनसङ्ख्या**

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ वर्ष मुनिको जनसङ्ख्या | २३ | ४६ | २२ | २० | ५८ | ५० | ६२ | ६० | ३४१ |
| ५ वर्ष मुनिको जनसङ्ख्या | १०९ | २१९ | १०३ | ९३ | २७६ | २३९ | २९४ | २८५ | १६१८ |
| १५ वर्ष मुनिको जनसङ्ख्या | ३०२ | ६०९ | २८७ | २५८ | ७६५ | ६६३ | ८१५ | ७९१ | ४४९० |
| अपेक्षित गर्भवती जनसङ्ख्या | ३० | ६१ | २९ | २६ | ७७ | ६६ | ८२ | ७९ | ४५० |

## २.८. परम्परागत ज्ञान र सीप विश्लेषण

यस गाउँपालिका सम्पूर्ण गाउँ कार्यपालिकाका जनप्रतिनिधिहरु, बुद्धिजिवी लगायत समुदायहरु संगको परामर्श तथा छलफलका आधारमा समुदायमा विपद्को सामना गर्न परम्परागत रूपमा अपनाइएका विधिहरूको सुची तय गरिएको छ। यसले विपद्को समना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गरी स्थानीय ज्ञान र सीपको प्रबद्र्धन गर्न सहयोग पुग्नेछ। जोखिम न्यूनीकरणकालागि गरिएका स्थानिय प्रयासहरुको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २१: जोखिम न्यूनीकरणकालागि गरिएका स्थानिय प्रयासहरु**

[3] स्वास्थ्य संकट एवं विपद पुर्व तयारी तथा प्रतिकार्य योजना २०७९

| प्रकोप | जोखिम न्यूनीकरणकालागि गरिएका प्रयासहरु |
|---|---|
| भुकम्प | घर बनाउदा काठको नस अर्थात पाट / वाल प्लेट राख्ने, घरको ढोका जमिनको उचाई कम गर्ने, गारो चौडा (२ हात) बनाउने, कथा तथा माटोले घर छाउने, माटो तथा गोबर मिसाएर घर लिपपोत गर्ने, बलियो गारो लगाउने, कोठा बनाउदा काठको फल्याक प्रयोग गर्ने , घरबाट वाहिर निस्कने जमिन र ढोका कम सतहमा राख्ने, घरको जगमा ठूलो र फराकिलो ढुङ्गा राख्ने, जमिन भित्र कोठा निकाल्ने, होचो घर बनाउने , घर अगाडी आगन राख्ने |
| खडेरी | परम्परागत सिचाई कूलो निर्माण, हिउँ डल्ला राख्ने, जमिन मुनि अन्न तथा फलफुल तरकारी भण्डार गर्ने, अन्न बचत भकारी निर्माण गरी भकारीबाट पिडितलाई अन्न दिने, पानी पार्न हिल्सो / इन्द्रको पुजा गर्ने, पानीका मुहानमा गई धुप बत्ती बाल्ने |
| वाढी | बृक्षा रोपण, तटबन्धन गर्ने, कुलेसो काट्ने |
| पहिरो | बुक्षारोपण गर्ने, तटबन्धन, ढल निकास, भल काट्ने, छाडा चरिचरण रोक्ने, कुलेसा काट्ने, वाल लगाउने, भिरालो ठाउको ढुङ्गा ननिकाल्ने, उत्तिस, रैंस, बैंस, सल्लो, ओखर आदिका बोट विरुवा लगाउने |
| आगलागी | सलाई लाईटर वालवालिकाबाट टाढा राख्ने, काम सकिएपछि अगेनो निभाउने / छोप्ने, हरियो स्याउला प्रयोग गर्ने, पानीको ब्यबस्था गर्ने, जथाभावी धुम्रपान नगर्ने, खर, घाँस, स्याउला घरभन्दा टाढा राख्ने, गाई गोठमा झरोको प्रयोग नगर्ने, टिनको छाना लगाउने |
| हावाहुरी | घरको छानो काठ तथा माटोको प्रयोग गरि चेप्टो बनाउने, काठ,छाना बलियो वनाउने, छानामा ताड हाल्ने, छानामा गह्रौङ्गो ढुङ्गा, काठ राख्ने, झ्याल नराख्ने, ढोका सानो र साघुरो बनाउने, |
| असिना | स्थानिय रैथाने वाली लगाउने, टनेल खेति गर्ने |
| महामारी | स्थानीय रुपमा उपलब्ध जडिबुटीजन्य औषधीमुलो प्रयोग गर्ने, गाउँका सबैजना मिलि काँडेचार लगाउने, गाउँमा अन्य गाउँका व्यक्ति वा अशु वस्तु पस्न नदिन बारबन्देज लगाउने, धामी हेराउने, नजिकको स्वास्थ्य संस्थामा गैर छेक जांच गराउने |
| हिमपात | आगो ताप्ने, न्यानो लुगा लगाउने, घरबाट बाहिर ननिस्कने, दाउरा तयार गरि राख्ने, खाद्यान्न वाली भण्डारण गर्ने, गाई बस्तुको लागि घाँस संकलन गरि राख्ने, गोठमा आगो बाल्ने तातो गराउने, गोठ लिप्ने, पानी तताएर गाई बस्तुलाई खुवाउने, हिउ परेको बेला हिडडुल नगर्ने, गहत लगायत अन्य गेडागुडिको झोल खाने |
| चटयाङ | सार्बजनिक भवनमा अर्थिङ गर्ने |
| वन्यजन्तु | लखेट्ने, कुकुर पाल्ने,आवाज लगाउने,ग्वाला लगाउने,पुतला राख्ने,गुलेली हान्ने,पटका पट्काउने । |
| रोग किराको प्रकोप | खरानी, सिस्नो प्रयोग गरी किरा मार्ने प्रयास गरेको, वालीमा लागेको किरालाई हातैले टिपेर फालेको, घुनलाई घटाउन कपुरको प्रकोप, घाममा सुकाको, खाँबु, तीतेपातीको पात तल विछाएर माथीमाट अन्न राख्ने आदि |

## २.९. जोखिमको अवस्था तथा अनुकूलनका प्रयास विश्लेषण

यस अदानचुली गाउँ पालिका भित्र घटेका प्रकोपहरुको स्तर र त्यसले जनसमुदायमा पारेको तथा पर्न सक्ने जोखिमहरुको बिश्लेषणको आधारमा योजना तर्जूमा गर्नु प्रभावकारी हुने भएकोले यस विधीबाट प्रकोपको स्तर र उक्त जोखिमसंग अनुकूलन हुन अहिले अपनाईएका प्रयासहरु वा बर्तमान समयमा भएको क्षमताको तुलना गरिएको छ । प्रभावित जिविकोपार्जनका स्रोतहरु प्राकृतिक पूँजी, र ति पूँजीहरुमा गत बिगतमा आएका विभिन्न प्रकोपहरुको मूल्यांकन प्रभावसंग जुध्न जिविकोपार्जनका स्रोतहरुको विश्लेषण गर्न ६ वटै वडाहरुको असर तथा प्रभावहरु र अनुकूलनका प्रयासहरुको निष्कर्ष निकाली सबै वडाहरुको स्तरलाई औषतको रुपमा उतार गरि त्यसको समग्र निर्कषलाई प्रस्तुत गरिएको छ ।

यस विधिको प्रयोगबाट जोखिमको प्रभाव, प्रभावको मुख्य क्षेत्र विश्लेषण गर्नुका साथै जोखिमसँग जुध्नका लागि गरिने अनुकूलनका प्रयासहरुको विश्लेषण गरिएको थियो । यो विधि प्रयोग गर्दा प्रभावको स्तर र अनुकूलनका प्रयासहरुको स्तर दुबैलाई १ देखी ४ अंक भार दिई विश्लेषण गरिएको थियो जसमा १ भन्नाले न्यून प्रभाव तथा प्रयास र ४ भन्नाले सबैभन्दा उच्च प्रभाव तथा प्रयास भन्ने बुझिन्छ ।

**तालिका नं. २२: अदानचुली गाउँपालिकाको प्रकोपको अवस्था तथा अनूकुलनका प्रयासहरुको विश्लेषण**

**वडा नं. १**

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| खडेरी | कृषि तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता वसोवास तथा पूर्वाधार | अन्नबाली नाश भएको, पशु चौपायाको लागी चरण क्षेत्रको कमी भएको, रुख बिरुवा सुकेको र वन विनास, अन्नबाली उब्जनी कम भएर खाद्यान्नको अभाव | ४ | स्थानीयहरुले अस्थायी सिचाई कुलो बनाएको, अन्य काम खासै नभएको | २ |
| पहिरो | कृषि तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता वसोवास तथा पूर्वाधार | गाईबस्तु मरेको, मानिसको मृत्यु भएको, घर भत्काएको र बगाएको, बाटो पुरेको, खेती योग्य जमिन पुरेको र बगाएको | ३ | उत्तीसका बिरुवाहरु रोपेको, पहिरोबाट बच्नका लागी ओढारमा ढुगांको पर्खाल लगाई बस्नको लागी ठाउ बनाएको | २ |
| रोगको महामारी | स्वास्थ्य | औषधी र उपचार सामाग्रीको अभाव, मानिसको मृत्यु भएको, स्वास्थ्य सेवा स्थल टाढा भएको | ४ | जगंली जडीबुटी प्रयोग गरेको, घरेलु उपाय अपनाएको | १ |
| बाढी | कृषि तथा खाद्य सुरक्षा वसोवास तथा पूर्वाधार | गाईबस्तु बगाएको, मानिसको मृत्यु भएको, काठे पुल बगाएको, घर र घट्ट र पानी ट्यांकी बगाएको | ३ | काठ मुढाको बार लगाएको, ढुगांको , पर्खाल लगाएको, आवतजावतका लागी काठे पुल मर्मत गरेको | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| हावाहुरी | कृषि तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता वसोवास तथा पूर्वाधार | मानिसको मृत्यु भएको, रुख बोटबिरुवा ढालेको, घरको छाना र पाल उडाएको, अन्नबालीमा क्षती पुर्याएको | १ | अनुकुलनका लागी केही हुन सकेको छैन | १ |
| असिना | कृषि तथा खाद्य सुरक्षा | अन्नबालीमा क्षती पुर्याएको | १ | अनुकुलनका लागी केही हुन सकेको छैन | १ |

**वडा नं. २**

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| खडेरी | कृषि तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता वसोवास तथा पूर्वाधार मानव स्वास्थ्य जलस्रोत | रुख बिरुवा सुकेको र वन विनास, खाद्यान्नको अभावले भोकमरी पानीको मुहान सुकेको रोगको महामारी बढेको | ४ | सिचाई कुलोको व्यस्थाको प्रयास गरेको, वृक्षारोपण पानीको मुहान वरीपरी घेराबेरा गर्ने प्रयास रोगको महामारीबाट बच्नका लागी सामुदायिक तथा व्यक्तिगत सरसफाई अभियान सुचारु | २ |
| पहिरो | कृषि तथा खाद्य सुरक्षा वसोवास तथा पूर्वाधार | घर भत्काएको र बगाएको खेती योग्य जमिन पुरेको र बगाएको | ३ | स्थानिय स्तरबाट उद्धार कार्यक्रम गरेको | १ |
| रोगको महामारी | स्वास्थ्य | औषधीको अभाव संगै स्वास्थ्यकर्मी तथा उपचारमा समस्या भएको , मानिसको मृत्यु साथै आर्थिक समस्या भएको | ३ | चिकित्सक तथा स्वास्थ्य कर्मीको सहयोगले महामारी नियन्त्रण गर्ने प्रयास , गा.पा.को सहयोगमा औषधि पसल तथा स्वास्थ्य कर्मी राखी उपचार नेपाल सरकारको सहयोगमा स्वास्थ्य चौकी स्थापना भएको | ३ |
| बाढी | कृषि तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता वसोवास तथा पूर्वाधार | खेती योग्य जमित तथा बोट विरुवाहरु बगाएको घररघट्टरपुल बगाएको | ३ | वृक्षारोपण तथा नदी नियन्त्रणका लागी बाध बाध्ने प्रयास | १ |
| हिमपात | कृषि तथा खाद्य सुरक्षामानव स्वास्थ्य | मानव तथा पशु चौपायलाई असर परेको | १ | स्थानिय स्रोत साधन प्रयोग गरी हिउ पन्छाउने प्रयास | १ |
| असिना | कृषि तथा खाद्य सुरक्षा | अन्नबालीमा तथा पशु चौपायलाई क्षती पुर्याएको | २ | समुदायद्धारा चौपायलाई सुरक्षित ठाउँमा राखिएको | १ |

**वडा नं. ३**

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| खडेरी | कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता,जलस्रोत तथा उर्जा वसोवास तथा पूर्वाधार, मानब श्वास्थ्य | कृषि उत्पादनमा कमी, खाद्य असुरक्षा, भोकरी, घास तथा दुध उत्पादनमा कमी , पानीका मुहान सुक्ने, आगलागीका घटनामा वृद्धी, विभिन्न रोगहरुको प्रकोप | ४ | अन्न उधारो लिएको खाद्य संस्थानमा भर परेको (चामल वितरण गरेको) | २ |
| पहिरो | कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता,जलस्रोत तथा उर्जा वसोवास तथा पूर्वाधार | भौतिक संरचनाहरु (गारेटो बाटो, काठे पुलहरु, सिंचाई कुलोहरु, घरहरु), मानविय क्षती, खानेपानी मुहानकमा क्षति, कृषि योग्य जमिन बगाएको, स्याउ खेतिमा क्षति | ४ | सामुदायिक प्रयास बाट पूल निमार्ण तथा मानिसको उद्धार | २ |
| बाढी | कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता,जलस्रोत तथा उर्जा वसोवास तथा पूर्वाधार | कृषि योग्य जमिन कटान,काठे पुलहरुमा क्षति, घट्टहरुमा क्षति | ३ | आफन्तको आपसी सहयोग | १ |
| रोगको महामारी | कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, मानब श्वास्थ्य | कृषि उत्पादनमा कमी, घास उत्पादनमा कमी, विभिन्न रोगहरुको प्रकोप (मानिस तथा पशुमा) फलफुल तथा तरकारी उत्पादनमा कमी | ४ | पुरानो काचौं साउन महिनाको मह खुवाएको | २ |
| हिमपात तथा असिना | कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता,जलस्रोत तथा उर्जा ,पूर्वाधार, मानब श्वास्थ्य | अन्न बाली तथा फलफूल नस्ट, (ओखर, स्याउ) बन्य जन्तुको मृत्यु, करिव १००० पशु चौपाय मरेको, उत्पादनमा कमि, खाद्य असुरक्षा | ३ | केहि गर्न नसकिएको | १ |
| आगालागी | वन तथा जैविक विविधता, वसोवास तथा पूर्वाधार, | वन बिनास, बन्य जन्तुमा क्षति, घर बस्तीमा क्षति, | २ | गाँउले र सेनाले आगो नियन्त्रणमा लिएको | १ |
| हावाहुरी | कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक | अन्न बाली तथा फलफूल नस्ट, (ओखर, स्याउ, फापर, चिनो, गहु, उवा, | १ | घरको जस्तामा हक लगाएको | १ |

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| | विविधता, वसोवास तथा पूर्वाधार, | कोदो), घरका छानो उडाउने, घासको कुइनो उडाउने, बिजुलिको खम्बामा क्षति | | | |

**वडा ४**

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| खडेरी (वुराउसे) | कृषि तथा खाद्य सुरक्षा जलस्रोत तथा उर्जा मानव स्वास्थ्य | उब्जनीमा कमी, भोकमरी, महिलामा कार्यबोझ पानीको मुहान सुक्ने, खोला सुक्दै गएर विद्युतमा पनि असर विभिन्न किराका रोगको प्रकोप ताल सुक्दै गएको | ४ | भोकमरी बाट वच्न खाद्य संस्थानको भर परेको, नजिको बजारवाट खाद्यान्न किनेर खाने गरेको दलित समुदायहरु अरुको घरमा काम गरेर खद्यान्नको जोहो गरेको | २ |
| खडेरी (हिल्दुङ, स्याम्ने । | कृषि तथा खाद्य सुरक्षा जलस्रोत तथा उर्जा मानव स्वास्थ्य वन तथा जैविक विविधता | उत्पादनमा कमि, वन पैदावारमा कमि, महिलामा कार्यवोझ, पानीको स्रोतमा कमि नयाँ किसिमको रोग | ४ | सरकारी खाद्य संस्थानको भर परेका, ईष्छ मित्र सँग सापटी मागी अन्नको संकट टारेको र किनेर खाने गरेको | २ |
| वाढि (वुराउसे) | कृषि तथा खाद्य सुरक्षा जलस्रोत तथा उर्जा मानव स्वास्थ्य वन तथा जैविक विविधता | जमिन कटान, पशुचौपाया बगाएको, घट्ट वगाएका, विद्युतमा प्रत्यक्ष असर गरेको कुलो वगाएका | ३ | घट्ट पुनर्निर्माण गरेको, विद्युत प्राधिकरण बाट विद्युत मर्मत गरेको आफ्नो खेतमा सामान्य पर्खाल लगाएको | २ |
| पहिरो (वुराउसे) | कृषि तथा खाद्य सुरक्षा जलस्रोत तथा उर्जा मानव स्वास्थ्य वन तथा जैविक विविधता | मानविय क्षति, खेतियोग्य जमिन क्षति, वनजंगल नोक्सानी | ३ | आफ्नो खेतिमा सामान्य पर्खाल लगाएको | २ |
| वाढि ÷ पहिरो (हिल्दुङ । स्याम्ने ) | कृषि तथा खाद्य सुरक्षा जलस्रोत तथा उर्जा मानव स्वास्थ्य वन तथा जैविक विविधता | पशु चौपायामा क्षती खेतीयोग्य जमिन कटान भौतिक पूर्वाधारमा क्षति ( घट्ट, मन्दिर, घर) जलविद्युतमा क्षति खानेपानीमा असर | ४ | पिसानीको लागी अदानचुली, बुराँउसे जाने गरेको | १ |
| किराको प्रकोप (वुराउसे) | कृषि तथा खाद्य सुरक्षा, मानव स्वास्थ्य | वालीनाली, तरकारी, फलफुलमा नोक्सानी | ४ | सामान्य किरा टिपेर फाल्ने, हाँगा काटेर फाल्ने गरेको विशेष गरी फलफुलमा (स्याउ) | १ |

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| किराको प्रकोप (हिल्दुङ । स्याम्ने ) | कृषि तथा खाद्य सुरक्षा, मानव स्वास्थ्य | वालीउत्पादनमा कमि, फलफुल (स्याउ, तरकारीमा उत्पादनमा कमि | ३ | कृषि कार्यालय मार्फत विषादि प्रयोग गरेको, जैविक विषादिले खासै काम नगरेको | २ |

**वडा नं. ५**

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| खडेरी | कृषि तथा खाद्य सुरक्षा, जलश्रोत तथा उर्जा, मानव स्वास्थ्य, वन तथा जैविक विविधता | वाली उब्जनीमा कमी, पानीको मुल सुकेको, रोग, महिलामा कार्यवोझ | ३ | खाद्य संस्थानको भर परेको, किनेर खाद्यान्न पूर्ति गरेको, सामान्य सिंचाईको व्यवस्था गरेको, पानीको जोहो गर्न टाढा गएको, पानीको मितव्ययी ढंगले प्रयोग गरेको, भूक्षय गएको ठाँउमा अन्य ठाँउवाट माटो ल्याइ सामान्य तटवन्ध गरेको, महिलाको कार्यवोझ घटाउन परिवार भित्रै कार्यभार वाँड फाँड गरेको | २ |
| किराको प्रकोप | कृषि तथा खाद्य सुरक्षा, जलश्रोत तथा उर्जा, मानव स्वास्थ्य, वन तथा जैविक विविधता | तरकारी, फलफुलमा क्षती, अन्नवाली नाश, घुनको प्रभाव वढेको, घाँस पातमा क्षती | २ | खरानी, सिस्नो प्रयोग गरी किरा मार्ने प्रयास गरेको, वालीमा लागेको किरालाई हातैले टिपेर फालेको, घुनलाई घटाउन कपुरको प्रकोप, घाममा सुकाको, खागुको पात तल विछाएर माथीमाट अन्न राख्ने | १ |
| हावाहुरी | कृषि तथा खाद्य सुरक्षा, वसोवास तथा पूर्वाधार, वन तथा जैविक विविधता | फलफुलको फुल झर्ने, अन्नवाली क्षती, भौतिक क्षति, भूक्षय | २ | टिनलाई माथीवाट ढुगांले थिच्ने, भौतिक क्षती वाट वच्न हुक प्रयोग भएको, घाँसहरु हावाको प्रभाव न्यून गर्न गहिरो ठाँउमा राख्न | १ |
| आगलागी | वसोवास तथा पूर्वाधार, वन तथा जैविक विविधता | भौतिक क्षति, वनपैदावार क्षती, भण्डारण गरेको घाँसमा क्षति | २ | समुदाय स्तरमा आगलागी निभाउने प्रयास, पुलिस, सेनाको सहयोग, लिउहरु भिजाएर निभाउने प्रयास | १ |
| वाढि पहिरो | वसोवास तथा पूर्वाधार, कृषि तथा खाद्य सुरक्षा, जलश्रोत तथा उर्जा | खेतीयोग्य जमिन कटान, पानीको मुहान क्षती, भौतिक क्षती | २ | सामान्य ग्याविन, सुख्खा पर्खाल लगाएको, पाइप द्वारा पानीको मुहान सामान्य रुपमा पुर्नस्थापित गरेको, जिल्ला प्रशासन (दैवि प्रकोप कोष), रेडक्रस द्वारा सामान्य राहत प्रदान | २ |

**वडा नं.६**

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| खडेरी | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र कृषि तथा खाद्य सुरक्षा, मानब स्वास्थ, जलस्रोत, बन बन तथा जैविक बिबिधता | अन्न बालीउत्पादनमा कमि<br>माटो लै सुखा<br>उर्बर शक्तिमा राष<br>भोकमरीको समस्या<br>मानब स्वास्थमा असर<br>पानीको मुहान सुकाउने<br>आगोलागिको समस्या बढ्ने<br>साथै बनका रुख सुकाउने<br>जडिबुटी उत्पादनमा कमि<br>पशुचौपायाको लागि चरण छेत्रको अभाव | ४ | स्थानीय धार्मिक आस्थाको आधारमा आकासे पनिको लागि पुजा आजा गर्ने गरेको<br>स्थानीय श्रोत तथा साधन तथा बासिन्दाको सहयोगमा आगोलागी नियन्त्रण गरेको र बाली लगाउने समय मा परिवर्तन बिउ जोगाउने प्रयास गरेको नया बलिको प्रयोग गरेको जस्तै कोदो, मकै आदि१क़क़ | २ |
| महामारी | | मानिसको मृत्यु भएको<br>पशु चौपायालाई रोग लागि मरेको<br>अन्न बाली तथा फलफूलका बोटमा रोग किटानु लागेको | २ | अन्नबलिको रोग किटाणुको लागि मोही छर्ने गरेको<br>धामी झाक्री मार्फत रोगको उपचार गरेको<br>अन्नबाली बिग्रिएमा कैलासको जल प्रयोग गर्ने<br>पशुको लागि खोप कार्यक्रम<br>अन्न बलिको लागि किटनासक औसधिको ब्यबस्था तथा वितरण<br>बच्चाको लागि खोप कार्यक्रम<br>सरसफाई कार्यक्रम<br>सौचालयको निर्माण | २ |
| हिमपात | | चरण क्षेत्रको कमिर घास पातको कमि<br>- पशु चौपाया मरेको ‘१८ वटा घोडा(चिसोको कारण)<br>-गाउघरमा आवत जावतमा समस्या<br>-कार्यबोज बढेको (नियमित घरायसी काम गर्न गारो भएको )<br>- खेति पाती राम्रो हुने<br>- सिचाई नियमित हुने र माटो चिस्यान कायम हुने<br>- हिम पहिरो आएको | २ | -घास स्याउला पहिले नै जम्मा गर्ने गरेको<br>- आधुनिक मिलको स्थापना गरि घट्ट जान कम गरेको<br>- अन्न भण्डारण गर्ने गरेको<br>- चिसो बाट बच्न न्यानो कपडा व्यवस्था गरेको<br>- आधुनिक घर निर्माण गर्न थालेको | |
| आगोलागी | | - बन तथा जैविक बिबिधता नस्ट<br>- घर गोठ नस्ट | | | ३ |

| प्रकोप | प्रकोपले प्रभाव पारेको मुख्य क्षेत्र | असर तथा प्रभावहरु | स्तर | अनुकुलनका प्रयासहरु | स्तर |
|---|---|---|---|---|---|
| | | - बाली नाली नस्ट | | | |
| असिना | | - अन्न बाली नस्ट<br>- फलफुल नस्ट<br>- पशु पन्छीको बिनास<br>-बन जंगल तथा जैविक बिबिधताको बिनास<br>- घासपात को कमि भएको | २ | - ऋतु अनुसारको बाली समयमा नै संकलन गर्ने गरेको<br>- अन्न बाली नस्ट भएकाव्यक्तिहरुलाई राहत वितरण गरेको<br>- बिउ बिजनको जोहो गर्ने गरेका | |
| पहिरो | | - खेति योग्य जमिनको नोक्सानी<br>- बाटो घाटो बिगारेको | २ | - काची तटबन्ध निर्माण<br>-बन संरक्षण गर्न प्रयास गरेको<br>-ढुंगा खानी उत्खनन्मा रोक लहौने प्रयास गरेको | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बन्य जन्तुको मृत्यु | | | |
| | | करिव १२०० पशु चौपायहरु मरेको | | | |
| | | उत्पादनमा कमि (खाद्य असुरक्षा) | | | |

माथिको तालिकालाई बिश्लेषण गर्दा अनुकुलनका प्रयासहरु विशेषत स्थानिय स्रोत र साधनमा निर्भर थिए भने स्थानिय ज्ञान र सिप लाई नै मुख्य औजारका रुपमा प्रयोग गरिएको थियो। समग्र असर तथा प्रभावलाई विश्लेषण गर्दा मुख्य रुपमा खडेरीको कारणले क्षेत्रगत रुपमा कृषि तथा खाद्य सुरक्षा, बन तथा जैविक विविधता, मानव स्वास्थ्य, उर्जा तथा जलश्रोतमा सबै भन्दा वढी असर परेको देखिन्छ । साथै वाढी पहिरो, असिना, आगलागी, हावाहुरीको मात्रामा बढोत्तरी भएको छ। जलवायु जन्य प्रकोपका कारणले वालीमा किराको प्रकोपमा बृद्धि, मानविय क्षतीमा बृद्धि, भौतिक क्षती पनि वढ्दै गएको देखिन्छ। तर समुदाय माझ उक्त असर तथा प्रभाव सँग जुध्न सक्ने क्षमता भने साह्रै न्यून देखिएको छ।

## २.१०. गाउँपालिकामा रहेका स्रोत तथा क्षमताको विश्लेषण

### २.१०.१. सरोकारवाला व्यक्ति तथा संघसंस्थाहरूको विवरण

अदानचुली गाउँपालिकामा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनका सवालमा आर्थिक, प्राविधिक तथा सहजीकरण सहयोग गर्न सक्ने संघसंस्था तथा निकायहरू पहिचान गरी सो संस्थाहरूको सम्भावित भूमिका र अपेक्षित सहयोगका बारेमा लेखाजोखा पालिकभारिका सम्पूर्ण सरोकारवालाहरुको सहभागितामुलक छलफल तथा परामर्शबाट गरिएको छ। आगामी दिनमा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनमा सबै सरोकारवालाहरुको समन्वय

र सहकार्य हुनु जरुरि छ। यसकालागि गाउँपालिकाले संघ, प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा रहेका माथि उल्लेखित सम्पूर्ण सरकारी तथा गैरसरकारी संघसंस्थाहरूमा सहयोग तथा साझेदारीका लागि समयमा छलफल, परामर्श, अन्तरक्रिया सहित निरन्तर सम्पर्क र समन्वय गरी सोहि अनुसार विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा र कार्यन्वयन गरिनेछ। अदानचुली गाउँपालिकामा रहेका सरोकारवाला संघसंस्था र तिनीहरुको कार्य भूमिकाबारे तलको तालिकामा उल्लेख गरिएको छ ।

**चित्र नं. ४: अदानचुली गाउँपालिकामा रहेका सरोकारवाला संघसंस्था रोटी चित्र**




**तालिका नं. २३: अदानचुली गाउँपालिकामा रहेका सरोकारवाला संघसंस्था र कार्य भूमिका**

| क.स. | सेवा प्रदायक निकायहरू | अनुकूलनमा उपलब्ध हुन सक्ने सहयोग | विपद् जोखिम न्यूनीकरणमा उपलब्ध हुन सक्ने सहयोग |
|---|---|---|---|
| **व्यक्ति तथा घरपरिवार तहमा** | | | |
| १ | व्यवसायी ( पसल, होटेल, निर्माण व्यवसायी, उधोगी ) | श्रोत संकलनमा सहयोग, संकटासन्न घरधुरीलाइ रोजगारी, वातावरणमैत्री उद्योगको प्रवर्धन | राहत र आकस्मिक कोष निर्माणमा सहयोग |
| २ | शिक्षक ( ..जना ) | सचेतनामूलक कार्यक्रममा सहयोग | सचेतनामूलक कार्यक्रममा सहयोग |
| ३ | महिला स्वास्थ्य स्वयंसेवक (..जना) | महिला मानव स्वास्थ्य समस्या समाधानमा सहयोग र प्राथमिक उपचार | महिला मानव स्वास्थ्य समस्या समाधानमा सहयोग र प्राथमिक उपचार |
| ४ | विद्यार्थी (...जना ) | अनुकूलन कार्यक्रममा सक्रिय सहभागिता, प्रचारप्रसार, सचेतना जगाउने) | उद्धार कार्यमा सहभागिता, जनचेतना अभिवृद्धि कार्यमा सहयोग |
| ५ | अगुवा (नेता) | नेतृत्व, समन्वयकारी भूमिका | नेतृत्व, समन्वयकारी भूमिका |
| **समुदाय तथा वडा तहका सरोकारवालाहरू** | | | |
| १ | टोल सुधार समिति (वटा) | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन कार्यक्रममा सक्रिय सहभागिता, प्रचारप्रसार | राहत संकलन र वितरणमा सक्रिय सहभागिता |
| २ | सामुदायिक वनहरू (वटा) | सचेतना र पूर्वाधार तथा विकास निर्माणमा सहयोग | पूर्वाधार तथा विकास निर्माणमा सहयोग |
| ३ | आमा समूह (वटा) | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन कार्यक्रममा सक्रिय सहभागिता, प्रचारप्रसार | सक्रिय सहभागिता, प्रचारप्रसार |
| ४ | मेलमिलाप केन्द्र (वटा) | सामाजिक द्वन्द व्यवस्थापन | सामाजिक द्वन्द व्यवस्थापन र मेलमिलापका लागि सहजीकरण |
| ५ | वडास्तरीय विपद् तथा जलवायु उत्थानशील समिति (वटा) | खोज तथा उद्धार, राहत वितरण, अस्थायी आवासको प्रवन्ध, विपद् व्यवस्थापन कोषको परिचालन, प्रभावितहरूको लगत संकलन, महिला हिंसा, यौन हिंसाका घटनाहरूको निगरानी | पुर्नलाभका क्रियाकलाप सञ्चालन, आवासको व्यवस्थापनका लागि सरोकारवाल निकायसंग सहकार्य, प्रभावितहरूको लगत संकलन गरि सहयोगको आवश्यक घरधुरीको पहिचान। पूर्नस्थापनाको लागि सहयोग, आवश्यक कागजातको तयारी तथा वन्दोवस्त, राहत तथा अनुदानको लागि सिफारिस, सहजिकरण |
| ६ | वडाका कार्यालयहरू (६ वटा) | पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग | भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग |
| **वडा बाहिरका सरोकारवालाहरू** | | | |
| १ | जिल्ला समन्वय समितिको कार्याल | भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक | भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, स्रोत |

| क.स. | सेवा प्रदायक निकायहरू | अनुकूलनमा उपलब्ध हुन सक्ने सहयोग | विपद् जोखिम न्यूनीकरणमा उपलब्ध हुन सक्ने सहयोग |
|---|---|---|---|
| | | सहयोग, स्रोत व्यवस्थापनका लागि सरोकारवालाहरूमा पहल तथा समन्वय | व्यवस्थापनका लागि सरोकारवालाहरूमा पहल तथा समन्वय |
| २ | अदानचुली गाउँपालिका | पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग, समग्र योजनाको कार्यान्वयन तथा अनुगमन | भौतिक पूर्वाधार तथा विकास निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग |
| ३ | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति | योजनाको कार्यान्वयन, विपद् व्यवस्थापन कोषको परिचालन, प्रभावितहरूको लगत संकलन, नियमति अनुगमन | योजनाको कार्यान्वयन, विपद् व्यवस्थापन कोषको परिचालन, प्रभावितहरूको लगत संकलन |
| ४ | भू–संरक्षण कार्यलय | बाढी, पहिरो तथा भूक्षय नियन्त्रणका लागि एकीकृत जलाधार व्यवस्थापन | बाढी, पहिरो तथा भूक्षय नियन्त्रणका लागि एकीकृत जलाधार व्यवस्थापन |
| ५ | जिल्ला प्रशासन कार्यलय तथा जिल्ला विपद् व्यवस्थापन समिति | कोप तथा विपद् व्यवस्थापनमा सहयोग | सहकार्य तथा उद्धार व्यवस्थाप |
| ६ | खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय | खानेपानी, सिंचाई तथा उर्जा विकास योजनाका लागि आर्थिक तथा प्राविधिक सहयोग | खानेपानी, सिंचाई तथा उर्जा विकास योजनाका लागि आर्थिक तथा प्राविधिक सहयोग |
| ७ | वन कार्यालय | वृक्षारोपण, नर्सरी व्यवस्थापन तथा अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन तालिम र जन चेतनाको लागि प्राविधिक सेवा, सामुदायको वन व्यवस्थापनमा सहयोग | वृक्षारोपण, नर्सरी व्यवस्थापन तथा तालिम र जनचेतनाका लागि प्राविधिक सहयोग |
| ८ | कृषि विकास कार्यालय | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धी कृषक क्षमता अभिवृद्धि, कृषि सेवा, बालीनाली विकास, बिउ बिजन वितरण | कृषि सेवा तालिम, बालीनाली विकास, बिउ बिजन वितरण |
| ९ | पशु अस्पताल तथा पशु सेवा कार्यालय, | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धी पशुपालक कृषकको क्षमता अभिवृद्धि, पशु स्वास्थ्य तथा पशुपंक्षी पालन विकास | पशु स्वास्थ्य तथा पशुपंक्षी पालन विकास |
| १० | सामजिक विकास कार्यलय | विधालय, स्वास्थ्य एवं सामाजिक क्षेत्रगत योजनामा तथा आयोजनाका लागि आर्थिक तथा प्राविधिक सहयोग | आर्थिक तथा प्राविधिक सहयोग |
| ११ | विद्युत प्राधिकरण | विपद् प्रभावीत समुदायको लागि आवश्यक विद्युत प्रवाह गर्ने र | विपद् प्रभावीत समुदायको लागि आवश्यक विद्युत प्रवाह गर्ने र |

| क.स. | सेवा प्रदायक निकायहरू | अनुकूलनमा उपलब्ध हुन सक्ने सहयोग | विपद् जोखिम न्यूनीकरणमा उपलब्ध हुन सक्ने सहयोग |
|---|---|---|---|
| | | आवश्यकता हेरी विद्युत प्रवाह सूचारू र बन्द गर्ने गराउने | आवश्यकता हेरी विद्युत प्रवाह सूचारू र बन्द गर्ने गराउने |
| १२ | स्वास्थ्य चौकी | स्वास्थ्य उपचार, निःशुल्क औषधी वितरण, घाइते तथा सक्रमित व्यक्तिको उपचार विभिन्न थरी गाउँघरे क्लिनिक सेवा उपलब्ध | अझ बढी निरन्तर दिने र २४ घण्टा सुविधा र बिरामीको हेरचाह गरी उपचार गर्ने । |
| १२ | जिल्ला स्वास्थ्य सेवा कार्यलय | स्वास्थ्य उपचार, निःशुल्क औषधी वितरण, घाईते तथा सक्रमण व्यात्तिको उपचार | अझ बढी निरन्तर दिने र २४ घण्टा सुविधा र बिरामीको हेरचाह गरी उपचार गर्ने |
| १४ | जिल्ला प्रहरी कार्यालय / प्रहरी चौकी | विपद् सम्वन्धी पूर्व सूचना, | खोज तथा उद्धार, सुरक्षाका लागि समन्वय |
| १५ | नेपाल रेडक्रम सोसाईटी | सचेतनाका कार्यक्रमहरू, तालिमहरू | दन्त शिविर, स्वास्थ्य शिविर, स्ट्रेचर, प्राथमिक उपचार, भूकम्प तथा अन्य प्रकोप सम्बन्धी सचेतना कार्यक्रम, राहत सामग्रीको व्यवस्था |
| १६ | युवा क्लव | विपद् समिति गठन, सुपथ मूल्यमा एम्बुलेन्स, सेवा र स्ट्रेचर विपद्मा परेकालाई सिफारिस, आकस्मिक सेवाको स्थापन | खोज तथा उद्धारमा सहयोग, अस्थायी आवास व्यवस्थापनका लागि सहयोग, राहात वितरणमा सहयोग, |
| १७ | नेपाली सेना | सचेतिकरण, विपद् व्यवस्थापन कोष स्थापना, खोज तथा उद्धार सम्बन्धि तालिम | राहत वितरण तथा पुर्ननिर्माणमा सहयोग, राहत वितरणमा सहयोग |
| १८ | बैंक तथा सहकारी | विपद् व्यवस्थापन सम्बन्धी तालिम र प्रचार प्रसारमा सक्रिय सहभागी | आयआर्जनको कार्यक्रमहरू गर्नको लागि सहुलियत दरमा ऋण प्रदान |
| १९ | विद्यालय | वित्तिय कोष सञ्चालन र बचत गर्ने बानीको बिकास | सुरक्षीत स्थान तयारी गर्ने र आवश्यक पर्दा स्थानीय समुदायलाई उपलब्ध गराउने |
| २० | राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकण | सुरक्षीत स्थान तयारी गर्ने र आवश्यक पर्दा स्थानीय समुदायलाई उपलब्ध गराउने | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धि क्षमता अभिवृद्धि र तयार गरिएको योजनाको कार्यान्वयनमा सहयोग |
| २१ | प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन गर्नलाई समन्वयकारी भूमिका खेल्ने आवश्यकता अनुसार नीति नियम निर्माण गर्ने र वजेटको व्यवस्था गर्ने | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन सम्वन्धि क्षमता अभिवृद्धि र तयार गरिएको योजनाको कार्यान्वयनमा सहयोग |
| २२ | बिभिन्न गैसस संघ संस्था | अनुकूलन तथा विपद् जोखिम व्यवस्थापन गर्नलाई समन्वयकारी | समुदाय तहमा काम गर्दा विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम ल्याउने |

| क्र.स. | सेवा प्रदायक निकायहरू | अनुकूलनमा उपलब्ध हुन सक्ने सहयोग | विपद् जोखिम न्यूनीकरणमा उपलब्ध हुन सक्ने सहयोग |
|---|---|---|---|
| | | भूमिका खेल्ने आवश्यकता अनुसार नीति नियम निर्माण गर्ने र वजेटको व्यवस्था गर्ने । | । विभिन्न खालका तालिमहरू उपलब्ध गराउने । चेतना फैलाउने, योजनाको कार्यान्वयनका लागि प्राविधिक तथा आर्थिक स्रोतमा स्थानीय तहसँग साझेदार गर्ने |
| २३ | सामुदायिक वन उपभोक्ता महासंघ | विपद् व्यवस्थापन लगायत प्राकृतिक स्रोत उपयोगका लागि जनचेतनाको काम सञ्चालन गर्ने | सामुदायिक वन विकास तथा व्यवस्थापन |

## २.१०.२. श्रोतको क्षमता विश्लेषण

अदानचुली गाउँपालिकामा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन गर्न सो सम्बन्धि योजनन तर्जुमा गर्दै कार्यन्वयन गर्न त्यस गाउँपालिका भित्र भएका भौतिक, प्राकृतिक, सामाजिक, आर्थिक तथा मानवीय श्रोत र साधनको उपलब्धता, कार्य क्षमता तथा अवस्थाका वारेमा यस पालिका भित्र रहेका विभिन्न शाखा तथा क्लष्टरहरु संग छलफल तथा परामर्श गरि विश्लेषण गरिएको छ। यस सम्बन्धि विस्तृत विवरण निम्न तपशिलका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २४: अदानचुली गाउँपालिकामा रहेका भौतिक श्रोतको अवस्था विश्लेषण**

| विवरण | नाम र रहेको स्थान | संख्या(कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| भूकम्प प्रतिरोधी विधालय भवन | • सुर्योदय उच्च मा.बि. अदानचुली<br>• | • १ वटा | ४०० जना बिधार्थी पठनपाठ गर्न सक्ने | निर्माणधीन |
| स्वास्थ्य भवन | • श्रीनगर र लौठी स्वास्थ्य चौकी २ वटा<br>• लाम्टे, पाल्स, भैरवनाथ, नारेकोट, विगोठी सामुदायिक स्वास्थ्य ईकाई<br>• | • ४ वटा भवनमा ८ वटा कोठा ,३ वटा शौचालय भवन र ३ वटा धारा<br>• | • बार्षिक ५२५२ जनाले सेवा प्राप्त गरेको<br>• बार्षिक ५२९४ जनाले सेवा प्राप्त गरेको<br>• बार्षिक ३७७७ जनाले सेवा प्राप्त गरेको<br>• | २ वटा स्वास्थ्य संस्था भाडामा रहेका |

| विवरण | नाम र रहेको स्थान | संख्या(कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| मिल/ घट्ट | • गाउँपालिका भरि जम्मा पानी घट्ट /परम्परागत मिल<br>• गाउँपालिकाभरि आधुनिक घट्ट मिल | • १३ वटा<br>• २ वटा | नियमित कुटनी पिसानी कार्य भइरहेको | राम्रो/ सुचारु |
| सडक | • हालसम्म १२ कि.मि. कच्ची सडक निर्माण नभएको ६ नं. वडा बाहेक सबै वडामा सडकको पहुँच पुगेको<br>• घोडेटो बाटा | • १२ कि. मि.<br>• १४ किमि. | कच्ची सडक | |
| उर्जाजलबिद्युत, योजना | • कुकुर फाल्ना जलबिद्युत<br>• छहराखेत लघु जल बिद्युत<br>• | • १२० किलो वाट<br>• ५० किलोवाट | | |
| खुला चउर | • वडा नं. १ जनकल्याण बिधालय खेल मैदान<br>• वडा नं २ मष्टादेव आवि को खेल मैदान र भुवा खाडा<br>• वडा नं. ३ सुर्योदय र छत्रपाल विधालय को खेल<br>• वडा नं. ४ को ज्ञानोदय मा वि,<br>• वडा नं. ५हिमालचुली आवि, सुफाखेत र काँखे आवि खेलमैदान<br>• वडा नं ६ को कैलाशपुरी मावि सर्किदेउ आ. वि. खेलमैदान मैदान | • १५० ब. मि.<br>• २०० ब. मि .<br>• ४०० ब. मि.<br>• ४०० ब .मि.<br>• ४५० ब. मि .<br>• २८००० ब. मि .<br>• ४०० ब. मि .<br>• ४००० ब. मि . | करिब सबै प्रभावित आश्रय लिन सक्ने | अव्यवस्थित |
| सिचाई | गाउँपालिकाभरि जम्मा ठूला र साना गरी सिंचाई आयोजना संचालन | १९ वटा | हेक्टर ... मा सिंचित | |
| पूर्वसूचना प्रणाली | • कर्णाली नदि स्थित डांडागाउँको मंदिरेमा पानीको वहाव मापन मेशिन राखिएको | १ वटा | | जोखिम स्थान मा थप गर्नु पर्ने |
| लाइफ ज्याकेट | गाउँपालिका भरि | नभएको | | |
| डुङ्गा | गाउँपालिका भरि | नभएको | | |
| अग्नी नियन्त्रण सामाग्री सेट | गाउँपालिका भरि | नभएको | | |
| खोज तथा उध्दारका सामाग्री सेट सावेल, पिक, डोरी आदि | गाउँपालिका भरि | नभएको | | |

| विवरण | नाम र रहेको स्थान | संख्या(कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| भत्केका संरचनाहरु हटाउने, काटने सामाग्रीहरु | गाउँपालिका भरि | नभएको | | |

**तालिका नं. २५: अदानचुली गाउँपालिकामा रहेका प्राकृतिक श्रोतको अवस्था विश्लेषण**

| विवरण | नाम र रहेको स्थान | संख्या(कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| खेतीयोग्य भूमि | • वडा नं १ को कल्खे जिउला<br>• वडा नं. २ को थाहि मकै जिउला<br>• वडा नं. ३ को गल्वा क्षेत्रको जिउला<br>• वडा नं. ४ को जिउला,<br>• वडा नं. ५ को कर्गेई, काँखे र वारिगाउ जिउला<br>• वडा नं. ६ को पाल्स जिउला | पालिका भरि कुल ३५ ६२.वर्ग किलोमिटर जमिन खेतीयोग्य रहेको छ | जम्मा यो खोतियोग्य जमिनबाट उत्पादित खाद्यान्न बालीबाट पालिकभरका जनसंख्यालाई करिब ३ महिना सम्म मात्र खान पुग्ने | |
| तारजालीको लागि आवश्यक पर्ने ढुंगाको श्रोत | • यस पालिकाका वडा नं. १ देखि ६ सम्म रहेका यस किसिमका ढुंगाका ठुल्ठुला क्षेत्रफलमा रहेको छ | | | |
| ताल तथा पोखरी | • कर्णाली, नदि, रिगदह, कालागाड खोला जस्ता नदीनालाहरु<br>• | • १ वटा नदि<br>• २ खोला वटा | खानेपानी, सिचाई तथा जल बिद्युतका साथै पर्यटन प्रबर्द्धनका लागि प्रयोग गर्न सकिने | |
| वनजङ्गल | सामुदायिक वन<br>कवुलियत वन<br>राष्ट्रिय वन | २७.२८ वर्ग किलो मिटर | हरियाली, ईन्धन, जडिबुटी, वन्यजन्तु आश्रय स्थल सहित सन्तुलित परिस्थितिकिय प्रणाली कायम गर्न | |

**तालिका नं. २६: अदानचुली गाउँपालिकामा रहेका सामाजिक श्रोतको अवस्था विश्लेषण**

| विवरण | नाम र रहेको स्थान | संख्या(कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| सुरक्षित आवास सामुदायिक घर | • वडा नं. १ को आमा समुह भवन<br>• वडा नं. २ को सामुदायिक भवन<br>• वडा. ५ को सहकारी सामुदायिक भवन<br>• | | | |
| आश्रय लिन सक्ने मठ, मन्दिर , गुम्बा | वडा नं. १. माडु<br>वडा नं. २ को मौला माणु<br>वडा. ३ चर्च<br>वडा नं .४ सर्कि माडु चौर<br>वडा नं, ५ चौत्ता, मदना माडु मन्दिर<br>वडा नं. ६ को मदना माडु चोख्याचौर | | | |
| आश्रय लिन सक्ने सार्वजनिक घर | | | | |
| पानी आपूर्ती गर्ने टयांकर | गाउँपालिका भरि | **नभएको** | | |
| लैंगिक हिंसा निगरानी समुह | गाउँपालिका भरि प्रत्येक वडामा | नभएको | | |

**तालिका नं. २७: अदानचुली गाउँपालिकामा रहेका आर्थिक श्रोतको अवस्था विश्लेषण**

| विवरण | नाम र रहेको स्थान | संख्या(कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| ठुला व्यापार व्यवसाय खाद्यान्न | • अदानचुली बजार<br>• गाउगाउमा<br>• दोमुख बजार | • ५० वटा खुद्र पसल<br>• १ वटा खुद्र पसल<br>• ५० होटेल | | |
| गाउँपालिकाको विपद व्यवस्थापन कोष | गाउँपालिका स्तरीय | • रु. १५ लाख | | |
| महिला बचत समूह | गाउँपालिका भरि | | | |
| समूहको कोष रु | | | | |
| सहकारी | गाउँपालिका भरि | | | |
| बैङ्क तथा वित्तीय संस्था | गाउँपालिकाको वडा न ३ मा ग्वोलवल आईएमी बैक र सहकारी सञ्चालन भएका | **२ वटा** | | |

**तालिका नं. २८: अदानचुली गाउँपालिकामा रहेका मानवीय श्रोतको अवस्था विश्लेषण**

| विवरण | नाम र रहेको स्थान | संख्या(कति) | क्षमता | अवस्था |
|---|---|---|---|---|
| भूकम्प प्रतिरोधी घर वनाउन सक्ने दक्ष मिस्त्री | गाउँपालिका भरि | २० जना | काम गरिए रहेका | पुनर्ताजकी आवश्यक |
| आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | गाउँपालिका भरि | ३० जना | काम गरिरहेका | पुनर्ताजकी आवश्यक |
| जिल्ला विपद् प्रतिकार्य सम्बन्धी तालिम प्राप्त जनशक्ति | गाउँपालिका भरि | २० जना | | पुनर्ताजकी आवश्यक |
| पौडीबाज | | छैन | | |
| उपलब्ध दक्ष स्वास्थ्यकर्मी | गाउँपालिकाभरि उपलब्ध<br>• डाक्टर<br>• हेअल्थ असिस्टेन्ट<br>• स्टाफ नर्स<br>• अहेब<br>• नर्सिंग अनमी | • नभएको<br>• ५ जना<br>• २ जना<br>• १५ जना<br>• १८ जना | बार्षिक पालिका भरिका करिब १४३२५ जना सेवाग्राहीलाई सेवा प्रदान गरेको | कार्यरत |
| प्राथमिक उपचार तालिम प्राप्त | गाउँपालिका भरि रेडक्रस | ५ जना | आवश्यक परेको बेला दक्षता प्रयोग | |
| ग्रामिण महिला स्वास्थ्य स्वयंसेविका | गाउँपालिका भरि | ४२ जना | कार्यरत | तालिमको आवश्यकता |
| मनोसामाजिक परामर्शदाता | गाउँपालिका भरि अस्पताल | १ जना | दक्ष | थप गर्नु पर्ने |
| द्रुत प्रतिकार्य टोली | स्वास्थ्य शाखा | | आवश्यक परेको बेला परिचालित | |
| अग्नी नियन्त्रक | गाउँपालिका भरि | नभएको | | तयार गर्नु पर्ने |
| तारजाली वुन्न सक्ने | गाउँपालिका भरि | ३० जना | विभिन्न आयोजनामा कार्यरत | थप गर्नु पर्ने |

# खण्ड ३: दिर्घकालिन सोच तथा नीति

## ३.१. दिर्घकालिन सोंच

अदानचुली गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा जलवायुजन्य जोखिम ब्यवस्थापनका कार्यलाई संस्थागत गरि विपद् तथा जलवायु उत्थानशील समुदाय तथा गाउँपालिकाको रुपमा निर्माण गर्ने यसको दिर्घकालिन सोंच हुनेछ ।

**परिकल्पनाः**

“विपद तथा जलवायुजन्य समस्याप्रति सुरक्षित र उत्थानशील समाज निर्माण गर्ने”

## ३.२. परिदृश्य

अदानचुली गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा जलवायुजन्य जोखिम ब्यवस्थापनका क्रियाकलापहरुमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरि कार्यान्वयन गर्ने र विपद तथा जलवायु परिवर्तनबाट मानविय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरुमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलतालाई सुदृढ गर्नु यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको परिदृश्य हुनेछ।

## ३.३. लक्ष्य

अदानचुली गाउँपालिकामा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै गाउँपालिका तथा समुदायको विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्न योगदान पु—याउनु।

## ३.४. उद्देश्य

- स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्नु।
- स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु,
- स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित,

जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

- सबै प्रकारका प्राकृतिक एवम् मानवीय विपद् तथा महामारीहरूबाट हुनसक्ने आर्थिक, भौतिक, सामाजिक क्षति नोक्सानी न्यूनीकरण गर्न विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनलाई गाउँपालिकाको समग्र विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न मार्गनिर्देशन गर्नु

## ३.५. नीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघ संस्थाहरुका साथै संघ र प्रदेशसँगको समन्वय तथा सहकार्यमा गाउँपालिका स्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।

## ३.६. रणनीति

- अदानचुली गाउँपालिकामा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने, स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना निर्माण गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका ब्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने।
- उक्त योजनाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, श्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ ।
- समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।
- आगलागी तथा पहिरोबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्न पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि  पहल गर्ने ।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको अधिकतम उपयोग गर्ने ।
- स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई गाउँपालिकाको  बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने ।

- गाउँपालिकामा विपद तथा जलवायु परिवर्तन सम्बन्धी सूचना संचालको निर्माण तथा सुचना केन्द्रको स्थापना गर्दै लैजाने ।
- गाउँपालिकामा स्थानीय आपतकालीन कार्य संचान केन्द्रको स्थापना गर्दै जाने ।
- वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणका लागि संस्थागत गर्दै समुदायको क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने ।
- जल तथा मौसमी सेवालाई विश्वसनीय, भरपर्दो, नियमित, गुणात्मक बनाई जलवायु परिवर्तन तथा प्रकोपले पार्ने असरलाई न्यूनीकरण गर्ने कार्यमा परिचालित गर्ने ।
- गाउँपालिका र प्रत्येक वडामा सबैको पहुँच र पायक पर्ने स्थानमा सबै बिषय तथा क्षेत्रगत न्युनतम रुपमा आवश्यक पर्ने राहत तथा उद्धार सामाग्रीहरुको व्यवस्थापन गरि भण्डारण गर्ने।

## ३.७. कार्यान्वयन कार्यनीति

- गाउँपालिका द्वरा स्वीकृत "स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना" गाउँपालिकामा गठित स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति मार्फत कार्यान्वयन गरिने छ ।
- गाउँपालिका स्तरिय स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिले स्वीकृत योजना विषयगत शाखा, वडा कार्यालय, समुदाय,संघ र प्रदेश अन्तरगतका कार्यलय, सङ्घसंस्था, निजी क्षेत्र,विकास साझेदार एवं अन्य सरोकारवालाहरुको सहयोग, साझेदारी तथा समन्वयमा कार्यान्वयन गर्नेछ ।
- यो योजना कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको अधिकतम प्रयो गरिने छ ।

# खण्ड—४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना

अदानचुली गाउँपालिकाको विपद् जोखिम तथा जलवायु उत्थानशील योजना अन्तर्गतका कार्यक्रमहरुलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिक पूर्वाधार विकास, प्राकृतिक स्रोत संरक्षण, जीविकोपाजनमा सुधार, नीतिगत क्षेत्रमा गर्नुपर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्ने जस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई प्राथमिकीकरण गरि योजनाबद्ध गरिएको छ ।

## ४.१. विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु

विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्याधिक जोखिममा रहेका समुदायवा वडामा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नुपर्ने क्रियालापलाई विपद् पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गरिएको छ। यस चरणमा गर्नु पर्ने कार्यलाई निम्न दुई खण्डामा विभाजन गरी प्राथमिकता निर्धारण गरिएको छ ।

### ४.१.१. नीतिगत व्यवस्था तथा निर्णयः

अदानचुली गाँउपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार जिम्मेवारी सहित कार्यदलहरू (जस्तै समन्वय, सञ्चार तथा पूर्वचेतावनी; खोज तथा उद्धार; राहत व्यवस्थापन तथा पुनःस्थापन; क्षति तथा आवश्यकता विश्लेषण जस्ता कार्यदल) गठन गरिएको छ। त्यसैगरी प्रचलित नेपालकानुन बमोजिम आवश्यकताको आधारमा नीतिगत निर्णय समेत गरी रणनीतिक कार्यहरू निर्धारण गरी उपयुक्त ढाँचामा उल्लेख गरिएको छ।

**तालिका नं. २९: अदानचुली गाउँपालिकाको नीतिगत व्यवस्था र निर्णय सम्बन्धि योजना**

| क्र. सं. | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापन्कालगी मुख्य क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट रु. हजार | श्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाहय | |
| १ | विवाद तथा जलवायु मैत्री आवश्यक कानुन, नीति, निर्देशिका एवं योजना निर्माण एवं कार्यान्वयन नहुनु | ▪ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र नियमावली बनाउनु पर्ने,<br>▪ ऐन एवम् कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्ने,<br>▪ विपद् राहत सम्बन्धी मापदण्ड बनाउनु पर्ने, | गाउँपालिका र सम्बन्धित वन, वातारण तथा विपद शाखा | ५०० | गाउँपालिका र विषयगत शाखा | संघ, प्रदेश तथा अन्तर्राष्ट्रिय / राष्ट्रिय गैर सरकारी संघ संस्था | |

| क्र. सं. | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापन्कालगी मुख्य क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट रु. हजार | श्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्रय | |
| | | ▪ जोखिम सूचूचित क्षेत्रगत विकास योजना बनाउनु पर्ने ।<br>▪ विपद तथा जलवायु उत्थान्शील योजना निरं र कार्यान्वयन गर्नु पर्ने<br>▪ गाउँपालिकाको नक्शा पास सम्बन्धि नीति तर्जुमा र<br>▪ भू संवेदशील नक्शा तयार गर्ने | | | | | |
| २ | विवाद तथा जलवायु उत्थान्शील सम्बन्धि संस्थागत संरचना गठन तथा यथोचित परिचालन हुन् नसक्नु | ▪ स्थानीय विपद् व्यवस्थापन समिति गठन पुनर्गठन र परिचालन ,<br>▪ वडा स्तरीय विपद् व्यवस्थापन समिति गठन / पुनर्गठन एवं परिचालन<br>▪ जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन विषयगत समिति गठन / पुनर्गठन तथा परिचालन<br>▪ वडा स्तरमा द्रुत प्रतिकार्य टोली गठन भएको ।<br>▪ विपद सम्बन्धि विभिन्न कार्यदल गठन खोज उद्धार, प्राथमिक उपचार, विपद् लेखाजोखा कार्यादल गठन, पुनर्गठन तथा क्षमता विकास एवं परिचल<br>▪ गाउँ आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र संचालन<br>▪ जनप्रतिनिधि र कर्मचारीलाई अभिमुखीकरण गर्नुपर्ने ।<br>▪ | गाउँपालिका र सम्बन्धित वन, वातारण तथा विपद शाखा | ४५० | गाउँपालिका र विषयगत शाखा | संघ, प्रदेश तथा अन्तर्राष्ट्रिय / राष्ट्रिय गैर सरकारी संघ संस्था | |
| | | **जम्मा** | | ७०० | | | |

### ४.१.२. जनचेतना तथा क्षमता अभिवृद्धि

अदानचुली गाँउपालिकाले आफ्नो क्षेत्रमा विपद् तथा जलवायु परिवर्तनमा रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका कार्यलाई निम्न बमोजिमको योजनाकृत गरिएको छ।

**तालिका नं. ३०: अदानचुली गाउँपालिकाको जनचेतना र क्षमता अभिवृद्धि योजना**

| क्र. सं. | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका लागि मुख्य क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट रु. हजार | श्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | बाह्य | |
| **१.भूकम्प** | गाउँपालिकाका घर तथा भौतिक संरचना भूकम्प प्रतिरोधी नहुदा धनजनको क्षति हुन सक्ने जोखिम | गाउँपालिकाको नक्सापासको निति कार्यान्वयन तथा सचेतना | गाउँपालिका | ० | गाउँपालिका | | प्रत्येक वर्ष |
| | | भुकम्प वाट हुने क्षति र वच्ने उपाय वारे वडा सतरमा सचेतना अभिवृद्धि | वडा कार्यालय | १०० | गाउँपालिका | रेडक्रस, संघसंस्था | प्रत्येक वर्ष |
| | | कमजोर तथा जोखिमयुक्त भवनहरुको तथ्यांक संकलन | गाउँपालिका | ५० | गाउँपालिका | संघ र प्रदेश सरकार | २०८० देखि २०८१ सम्म |
| | | भूकम्प प्रतिरोधी भवन निर्माण र भवन प्रवलीकरण सम्वन्धि प्रविधिक तथा मिस्त्रीहरुलाई तालिम | गाउँपालिका | १५० | गाउँपालिका | | प्रत्येक वर्ष |
| | | खाद्य सुरक्षा, बिउविजन सुरक्षा गर्ने, जनचेतना बृद्धि, | गाउँपालिका | १०० | गाउँपालिका | कृषि ज्ञान केन्द्र | २०८० भित्र |
| | | खुल्ला स्थान पहिचान र प्रचार प्रसार | गाउँपालिका | ५० | गाउँपालिका | संघ संस्थाहरु | प्रत्येक वर्ष |
| | | सुचना प्रणाली व्यवस्थापन | गाउँपालिका, सुचना शाखा | १५० | गाउँपालिका | संघ संस्थाहरु | २०८० भित्र |
| | | घर तथा संरचना निर्माणको नियमित अनुगमन | गाउँपालिका | ५० | गाउँपालिका | | प्रत्येक वर्ष |

| क्र. सं. | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका लागि मुख्य क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट रु. हजार | श्रोतको व्यवस्था आन्तरिक | बाह्य | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | समथर ठाउँमा घर निर्माणका लागि जनचेतना | प्राविधिक शाखा | ३० | गाउँपालिका | | नियमित |
| | | विपद तथा जलवायु उत्थानशिल समिति, स्वयंसेवक तथा विषयगत कलस्टरलाई तालिम तथा कृतिम अभ्यास | गाउँपालिका, विपद तथा जलवायु उत्थानसिल समिति | १०० | गाउँपालिका | रेडक्रस, सुरक्षा निकाय | नियमित |
| **२. बाढी** | गाउँपालिका भित्र रहेका ग्याग्रु खोला, गुरगुरे खोला, हिल्दुम स्याम्ने खोला, दोजाम कर्णाली, तथा कर्णाली नदीले घर तथा जमिन वगाइ जनधनको क्षति हुन सक्ने | नदि खोला किनार नजीक नयां वस्ती वनाउन रोक लगाउने | गाउँपालिका | २० | गाउँपालिका | | प्रत्येक वर्ष |
| | | नदि खोला किनारका जोखिमयुक्त वस्तीलाई स्थानान्तरण गर्ने नीति निर्माण र कार्यान्वयन | गाउँपालिका | २० | गाउँपालिका | | २०८० देखि |
| | | नदी खोलाजन्य पदार्थको जथाभावि उत्खनन मा रोक लगाउन निति निर्माण र कार्यान्वयन | गाउँपालिका | १० | गाउँपालिका | | २०८० देखि प्रत्येक बर्ष |
| | | सुचना प्रणाली व्यवस्थापन | गाउँपालिका | १०० | गाउँपालिका | रेडक्रस संघ संस्थाहरु | २०८० देखि |
| | | भूउपयोग नीति निर्माण र कार्यान्वयन | गाउँपालिका | ० | गाउँपालिका | | २०८० देखि |
| | | वाढी जोखिमपूर्ण स्थानहरुमा बाढीको व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने | गाउँपालिका | ० | गाउँपालिका | संघ संस्थाहरु | २०८० भित्र |
| **३ पहिरो** | पहिरोका कारण जन,धन र प्राकृतिक क्षति हुन सक्ने | पहिरो वाट उच्च जोखिम स्थानका वस्तीहरु स्थानान्तरण सम्वन्धि निति निर्माण र कार्यान्वयन | गाउँपालिका | ५० | गाउँपालिका | | २०८० देखि प्रत्येक वर्ष मनसुन पुर्व |
| | | भूउपयोग नीति निर्माण र कार्यान्वयन | गाउँपालिका | ० | गाउँपालिका | | २०८० देखि |

| क्र. सं. | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका लागि मुख्य क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट रु. हजार | श्रोतको व्यवस्था आन्तरिक | बाह्य | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | सडक तथा भौतिक संरचना निर्माणमा मेसिन प्रयोग मापदण्ड निर्माण तथा कार्यान्वयन | गाउँपालिका | ० | गाउँपालिका | | २०८० भित्र |
| | | सडक तथा भौतिक संरचना निर्माण गर्दा अनिवार्य बायोइन्जिनियरीङ प्रविधिलाइ लागत स्टिमेटमा समावेस | गाउँपालिका | ० | गाउँपालिका | | २०८० भित्र |
| | | उच्च जोखिम स्थानमा नयाँ संरचनाहरु बनाउन रोक लगाउने नीति निर्माण तथा कार्यान्वयन | गाउँपालिका | १० | गाउँपालिका | | २०८० देखि |
| | | भिरालो जमिनमा खेती गर्ने, कृषि वन प्रणाली विकास र विस्तार गर्न निति निर्माण | गाउँपालिका | १० | गाउँपालिका | | २०८० देखि |
| | | पहिरोको जोखिम न्युनिकरणका लागि समुदायमा जनचेतनामुलक कार्यक्रम | गाउँपालिका | १०० | गाउँपालिका | संघ संस्थाहरु | २०८० देखि |
| **४ खडेरी** | खडेरीबाट अन्न वालीमा नोक्सान भइ खाद्य संकट | जथाभावि जंगल फडानीमा रोक तथा खालि जमिनमा वृक्षारोपण | गाउँपालिका,, वडा कार्यालयहरु | १०० | गाउँपालिका | संघ संस्थाहरु | प्रत्येक वर्ष |
| | | अन्न भण्डारण र उपयोग वारे समुदायमा सचेतना अभिवृद्धि | गाउँपालिका,, वडा कार्यालयहरु | ५० | गाउँपालिका | कृषि ज्ञानकेन्द्र | प्रत्येक वर्ष |
| | | वैकल्पिक सिंचाइ प्रणलिवारे सचेतना अभिवृद्धि | कृषि शाखा | ५० | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, सिंचाइ डिभिजन | प्रत्येक वर्ष वर्षको २ पटक |
| | | कृतिम सिचाई प्रणाली सिचाई पोखरी निर्माण गरी सिचाई सेवा विस्तारको निति निर्माण र कार्यान्वयन | कृषि शाखा | ० | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, सिंचाइ डिभिजन | प्रत्येक वर्ष वर्षको २ पठक |

| क्र. सं. | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका लागि मुख्य क्रियाकलाप | मुख्य जिम्मेवारी | अनुमानित बजेट रु. हजार | श्रोतको व्यवस्था आन्तरिक | बाह्य | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | खडेरी सहन सक्ने विउ विजन प्रयोग सम्विन्धि सचेतना कार्यक्रम | कृषि शाखा | ५० | गाउँपालिका | कृषि ज्ञानकेन्द्र | २०८० देखि |
| | | जलवायू परितर्वन अनुकूलन सम्वन्धि समुदायको क्षमता अभिवृद्धि गर्ने | कृषि शाखा | १०० | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, | २०८० देखि प्रत्येक वर्ष |
| | | रैथाने र स्थानीय प्रजातीका विउविजनहरुको संरक्षण र प्रचार प्रसार गर्ने | कृषि शाखा | १०० | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, | प्रत्येक वर्ष |
| **५ रोग किराको प्रकोप** | कृषि उत्पादनमा नोक्सान भई खाद्य सुरक्षा कमि | रोग किराको नियन्त्रणका लागि परमपरागत अभ्यासहरुको पहिचान र निरन्तरता दिने | कृषि शाखा | ५० | | कृषि ज्ञानकेन्द्र, | प्रत्येक वर्ष |
| | | रोग किरा संक्रमणवाट सुरक्षित हुने वैकल्पिक उपाय वारे सचेतना कार्यक्रम | कृषि शाखा | ५० | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, | २०८० देखि प्रत्येक वर्ष |
| | | वढी प्रभावित ठाउहरुमा जैविक तथा विषादी कीटनासक औषधि प्रयोग र सचेतना गर्ने | कृषि शाखा | ५० | गाउँपालिका | कृषि ज्ञानकेन्द्र, | प्रत्येक वर्ष |
| **६ हावाहुरी** | हवाहुरी वाट घर विद्यालय तथा अन्य भौतिक संरचनाको क्षति हुने | हावाहुरीको समयमा सुरक्षित रहने वारे समुदाय तथा वालवालिका लाइ सचेतना अभिवृद्धि गर्ने | गाउँपालिका | ५० | गाउँपालिका | विद्यालय | आवस्यकता अनुसार |
| | | घर तथा सार्वजनिक स्थलका पुराना र बुढा र जोखिम युक्त रुख हटाउने | गाउँपालिका | ५० | गाउँपालिका | संघसंस्था | निरन्तर |
| | | हावाहुरी वढी हुने स्थानमा विद्यालय तथा सार्वजनिक संरचना निर्माण गर्न अनुमति नदिने निति निर्माण र कार्यान्वयन | गाउँपालिका | ० | गाउँपालिका | | १ बर्ष भित्र |
